राजा शुक्र

मन्त्री बुध

विक्रम १९४६ संवत्देखि अविछिन्न प्रकाशित

ज्योतिषी पण्डित श्री तोयनाथ पन्तद्वारा स्थापित

तोयनाथ पञ्चाङ्ग

विक्रम २०७३ संवत्

श्री शालिवाहनीय शाके १९३८

नेपाल संवत् ११३६-११३७

2016-2017 A.D.

गत कलि संवत् ५११७

सृष्टितोगताब्दा १,९५,५८,८५,११७

सौम्यनामकः संवत्सर

सत्यापक
ज्यो.प.श्री तोयनाथ पन्त



संवर्द्धक
ज्यो.पं.श्री पुष्कलनाथ पन्त

संरक्षक
ज्यो.पं.श्री सत्यनाथ पन्त

चतुर्भुज प्रकाशन

नेपाल पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृत

मूल्य ८४.९९ रुपैयाँ

गरिवी, अन्याय, अत्याचार, भष्ट्राचार, अशिक्षा,
जातीय भेदभाव हाम्रा शत्रु हुन् ।
यसका विरुद्ध सबै सचेत,
सजग र क्रियाशील
रहनु पर्दछ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

प्रकाशकीय

सर्वाधिक महानुभावको अपार समर्थनबाट अभिप्रेरित भएर समाजोपयोगी विषय सहित प्रस्तुत गर्ने सिलसिला जारी छ । देश काल र परिस्थिति अनुसार यस वर्षको बजार भाउमा ढुवानी आदिको कारण यस पञ्चाङ्गको लागतमा पनि बढोत्तरीले गर्दा मूल्यमा सामान्य वृद्धि गर्नु परेको नमिठो सत्यलाई नकार्न सकिदैन ।

नवौं वर्ष लाग्नु भन्दा करिब एक डेढ महीना अगाडिदेखि पञ्चाङ्ग प्रकाशन गर्ने गरिएकोमा प्रकाशन वर्षारम्भ भन्दा कति समय अगाडिदेखि हुनु जरुरी छ । यदि हालको चालु अवधि नै सहि छ वा छैन जवाफ पञ्चाङ्ग प्रकाशन कार्यालयमा पत्राचार गर्नु हुन अनुरोध गर्दछु ।

विगतमा झै पञ्चाङ्गको प्रकाशनमा ढिलाई हुनुमा नेपाल सरकारको गृहमन्त्रालयले गर्ने सार्वजनिक बिदाको निर्णय प्रेसमा पठाउदासम्म नगरेको हुनाले यस वर्षको पञ्चाङ्गमा सदा झै प्रस्तुत गर्दै आएको सो नियमितस्तम्भ राख्न असमर्थता जाहेर गर्दछु आदरणीय जनसमुदायमा ।

यस पञ्चाङ्गलाई लोकप्रिय बनाउनु हुने आदरणीय जनमानसमा सधन्यवाद टक्याउदै, विगतमा झै प्राप्त सद्भाव कायम हुनेछ, भन्ने अटल विश्वास पनि पालेकै छु । नयांवर्ष २०७३ ले हामी सबैमा उत्साह, उमङ्ग, खुशी र चीरशान्ति कायम गरोस् भनी हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

चतुर्भुज प्रकाशनको लागि
सूर्यनाथ पन्तद्वारा प्रकाशित

२०७२-११-२२

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पञ्चाङ्ग निर्णायक समिति

घट्टेकुलो (सेतोपुल), काठमाडौं, नेपाल, फोन न. ४४१९०९३

स्वीकृति र शुभकामना

ज्योतिषशास्त्र अनुसार गणित पञ्चाङ्गमा प्रस्तुत तिथ्यादिका घडीपलाका आधारमा व्रत, पर्व, उत्सवादि सनातन धार्मिक कृत्यको निर्णय धर्मशास्त्रले गर्दछ । यस्ता अन्योन्याश्रित यी शास्त्रद्वारा निर्णीत कृत्यको उपासनाले मनुष्य जीवनलाई सर्वतः समुज्वल, सार्थक तुल्याउनुका साथै उपासकमा राष्ट्र, राष्ट्रियता र एकताको उदात्त भाव समुदित गराउादछ । यस्तो भावना पैदा गर्ने यस वर्षको पञ्चाङ्गमा राख्नुपर्ने चाड-पर्व, मेला, जात्रा, उत्सवादिको निर्णय गर्ने कार्यमा विचार विमर्श गर्न नेपाल पञ्चाङ्ग निर्णायक समितिले ज्योतिष र धर्मशास्त्रका विषशिचत्तहरु तथा अन्य विज्ञजनहरूलाई समेत आमन्त्रण गरी उहांहरूको परामर्श अनुरुप गरिएको निर्णयको आधारमा पञ्चाङ्ग निर्माता श्री सूर्यनाथ पन्तलाई २०७३ सालको तोयनाथ पञ्चाङ्ग प्रकाशित गर्न स्वीकृति प्रदान गरिएको छ ।

चाडपर्व निर्णय गर्ने काममा सहभागी हुनेहरूमा आमन्त्रित विज्ञहरूका अतिरिक्त समितिका अध्यक्ष प्रा.डा.रामचन्द्र गौतम र सदस्यहरू प्रा.डा.साम्बराज आचार्य, प्रा.दिनेशराज पन्त, डा.जगमान गुरुङ, ज्यो.डा.खिलनाथ वस्ताकोटी, ज्यो.कीर्तिमदन जोशी, ज्यो.विद्याकुमारी बज्राचार्य, सदस्य-सचिव पञ्चाङ्ग प्रणेता ज्यो.पं. सूर्यप्रसाद ढुङ्गेल तथा उपयोग निर्माताहरू श्री सूर्यनाथ पन्त, ज्यो.पं. विश्वराम शर्मा सापकोटा, श्री मुरारिराज पाण्डे, ज्यो.पं. पद्मनाभ त्रिपाठी, ज्यो. डिल्लीराज जोशी, ज्यो. दिव्यपुरुष ढकाल, डा. लोकराज पौडेल, ज्यो. शशिधर जोशी , ज्यो. श्री दामोदर जोशी, श्री श्रीकेश कौशिक, दैवज्ञ ज्यो. श्री कीर्तिकिरण जोशी र दैवज्ञ ज्यो. सिद्धिलक्ष्मी व्यञ्जनकार हुनुहुन्छ ।

यस समितिबाट यसवर्ष स्वीकृत पञ्चाङ्गहरूमा तोयनाथ, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, सूर्य, आकाश-दर्शन, बगलामुखी, शुभ, बाबा गोरखनाथ, कीर्ति, सिद्धि पञ्चाङ्ग समेत गरी तेह्र (१३) वटा रहेका छन् ।

शास्त्र र परम्पराका आधारमा निर्णय लिई स्वीकृत गरिएका यी पञ्चाङ्ग बाहेक अन्य पञ्चाङ्गमा उल्लिखित चाडपर्व आदिका सम्बन्धमा नेपाल पञ्चाङ्ग निर्णायक समिति जवाफदेही हुने छैन । अतः यस समितिबाट स्वीकृत पञ्चाङ्गहरुको मात्र उपयोग गर्नु हुन र छपाई वा अन्य कारणबाट कुनैत्रुटि भेटिएमा वा संशय हुन गएमा यस समितिलाई जनाउ दिई सहयोग गर्नुहुन अनुरोध गर्दै नवबर्ष २०७३ को सुअवसरमा यो समिति सबै महानुभावहरुप्रति हृदयतः मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

प्रा. डा. रामचन्द्र गौतम
अध्यक्ष

ज्यो ति स्वरुप गणितज्ञ महत्व सिद्ध
पं चा मृतै सरह नैष्ठिकता प्रबुद्ध
स्व र्णा क्षरै छ जसको इतिहास शुद्ध
श्री युक्त पन्त कुलका बहुतै प्रसिद्ध
तो यै समान गुणले परिपूर्ण धन्य
य स्ता सुयोग्य मतिको महिमा अनन्य
ना ना पुराण सब शास्त्रहरू पढेर
थ पा बयान सकिँदैन कतै भनेर
पं त प्रसिद्ध कुलदीपक तोयनाथ
त द् वंश पुत्र पनि पुष्कलनाथ साथ
को र्ये सदा गणित सत्य र प्रेमनाथ
प ञ्चाङ्ग पूर्ण अब गर्दछ सूर्यनाथ
चां जो मिलाउनु छ थाम्न परम्परामा
ग छुं निवेदन भूले जतिको क्षमामा

भरतराज पन्त, साहित्याचार्य

संयोजक:
श्री प्रेमनाथ पन्त

सम्पादक/पञ्चाङ्गकार
सूर्यनाथ पन्त

आवरण-लेआउट: एक्ज माउस काठमाडौं

पञ्चाङ्ग गणनाकार:
श्रीधरनाथ पन्त

सम्पादन सहयोगी:
सर्वज्ञनाथ पन्त/संज्ञा पन्त

बजार व्यवस्थापक:
सकल न्युज एण्ड स्टेशनर्स
न्यूरोड (सकल पसाडी), काठमाडौं
फोन: ४२४६१४७, ९८५१०६६३६६

चतुर्भुज प्रकाशन

प्रकाशक तथा वितरक:
चतुर्भुज प्रकाशन
पो.ब.नं. २०७८५, क्षेत्रपाटी, काठमाडौं, नेपाल, फोन: ४२६३१२१
इमेल: chaturbhuj.prakashan@gmail.com

यस पञ्चाङ्गका विक्रेताहरू

सुकुन्दा पुस्तक भवन भोटाहिटी, काठमाडौं, ✆ ४२२०३७९
एम. के. पब्लिशर्स भोटाहिटी, काठमाडौं, ✆ ४२४९८३६
हेरिटेज पब्लिशर्स/डिस्ट्रिब्यूटर्स भोटाहिटी, ✆ ४२२१२९१
वज्रवाराही बुक सप्लायर्स भोटाहिटी, काठ., ✆ ४२२८५६३
गुरु पुस्तक विक्रेता भोटाहिटी, ✆ ४२३९२४२/ ९८१८४४२९९४
सब-वे पुस्तक/पोस्टर भण्डार भोटाहिटी, ✆ ४२३०१९०
दुर्गा न्यूज/बुक्स डिस्ट्रिब्यूटर्स भुगोलपार्क, ✆ ४२४४०९२
बालकृष्ण बुक्स सेन्टर नयांसडक, ✆ ९८४९१४९८८२
एलाईड न्यूजपेपर डिष्ट्रिब्यूटर्स नरदेवी, ✆ ४२६१९४८
यज्ञराज न्यौपाने वागबजार, काठमाडौं, ✆ ९८४११८४७४५
गोपीकृष्ण चौलागाई मझलबजार, ल.पु. ✆ ९८४११८४७४५
राम न्यूजपेपर सप्लायर्स कोपण्डोल, ललितपुर ✆ २१२३३५२
वच्चन ध्वज जोशी भक्तपुर, ✆ ९८४१२१३५२२
उपत्यका बाहिर: जयकाली प्रकाशन प्रा.लि. काठ.,✆ ९७४१०१७२९७
शरण उत्सुक त्रिशूलि, नुवाकोट ✆ ९८५१००२९३८
सरस्वती पुस्तक भण्डार धुलिखेल, काभ्रे, ✆
भट्टराई पुस्तक भण्डार विराटनगर, ✆ ०२१-५२४२४३
सत्यनारायण मन्दिर विराटनगर, ✆ ९८४२२२७२७०
धरान न्यूज सेन्टर धरान-बसपार्क, ✆ ०२५-५२८६८६
सुनवर्षा इन्टरप्राइजेज इटहरी, सुनसरी, ✆ ९८४२५०३३
अखिलेश्वर पुस्तक पसल लालबन्दी, सर्लाही, ✆
जानकी पुस्तक भण्डार जनकपुरधाम, ✆ ५२००९२
माइस्थान बुक स्टल वीरगञ्ज, पर्सा, ✆ ५२३४५०
झिगु समाचार पुस्तक केन्द्र वीरगञ्ज, ✆ ५२८९१८
समाचार केन्द्र हेटौंडा, मकवानपुर, ✆ ५२०२४४
नारायणी पुस्तक सदन नारायणगढ, ✆ ५२९२८०
वैदिक पूजा सामाग्री भण्डार पुतलीबजार, नारायणगढ, ✆ ९८५५०६३२४७
श्रेष्ठ न्यूज एजेन्सी तानसेन, पाल्पा, ✆ ५२०१८२
दुर्गा पुस्तक तथा पूजा सामाग्री भण्डार बुटवल, ✆ ९८४२०८०४१९
विन्द्रासैनी इन्टरप्राइजेज कोहलपुर, वाँके, ✆
त्रिशक्ति स्टेशनरी नेपालगञ्ज, वाँके, ✆
माछापुच्छ्रेबुक्स एण्ड स्टेशनरी धम्वोजी, नेपालगञ्ज, ✆ ५३६७४५
माउण्ट उमरेष्टबुक्स एण्ड स्टेशनरी नेपालगञ्ज, ✆ ५२२८४९
लक्ष्मीभक्त/रामजी श्रेष्ठ डोटी, सिलगढी, ✆ ४२००२८
चौधरी बुक डिपो धनगढी, कैलाली, ✆ ५२१२५०,
शुक्ला पुस्तक भण्डार धनगढी, कैलाली, ✆ ५२३०७६
चुवाई पुस्तक पसल धनगढी, कैलाली, ✆ ५२३४००
चौलानी पुस्तक भण्डार मेनरोड, धनगढी, ✆ ५२४९५८
चनैराग पुस्तक पसल बैतडी, ✆ ९७५९५००६७६
दुर्गा पुस्तक भण्डार कञ्चनपुर, ✆ ५२९४६८
चौलानी पुस्तक भण्डार महेन्द्रनगर, ✆ ५२४०६८
न्यू महारुद्र पुस्तक भण्डार महेन्द्रनगर, ✆ ५२५३६७

विषय सुची

क्र.	विषयहरू	पृष्ठ
१.	पञ्चाङ्ग सम्बन्धी जानकारी	४
२.	वार्षिक भविष्य फल, जग्लग्न फल, आय-व्यय, मेष-तुलादि विषुवच्चक्र	६
३.	मासिक भविष्य फल	७
४.	संवत्सर फल, अढैया र साढेसाती दशा	१०
५.	वार्षिक राशिफल	११
	होडा ज्ञान, नामको पहिलो अक्षरबाट वर्ग हेर्ने र नक्षत्र-स्वामीको शुभशुभादि विशेष संज्ञा	१४
६.	पटवर्ग (होरा, द्रेष्काण, त्रिशांश, सप्तमांश, नवमांश, द्वादशांश) साधन विधि	१५
७.	वर-वधूको गुण मेलापक तथा व्रतवन्ध-विवाहमा सूर्य-चन्द्र-वृहस्पति जुराउने तालिका	१६
८.	ग्रहहरूको मित्रादि सहित सर्वपयोगी, शिववास, होरा मुहूर्त्ता तथा चोरी ज्ञान विचार	१८
९.	अग्निवास, ग्रह सन्मुख, सर्वघात, चन्द्रमाको अङ्ग-वर्ण-दिशा ज्ञान, वाणपञ्चक, दिवा-रात्रिका वारवेला, योगिनी, देष्काण, भद्रा निवास र मूल निवासको फल	१९
१०.	वर्षकुण्डली एवं जन्मभाव गोचर तथा गोचरको शुभस्थानमा जन्म राशि र ग्रहप्रवेश राशिसम्मको शुभाशुभ गणना	२०
११.	स्त्री-पुरुष जन्मकुण्डली फल, राहुमुख तालिका तथा भूकम्प आउदाँको फल	२१
१२.	प्रथम लग्न तथा पञ्च-सप्तशलाका विवरण	२२
१३.	दशम लग्न तालिका र पञ्चक दाह-शान्ति	२३
१४.	वार्षिक व्रतपर्व-मन्त्रहरू	२४
१५.	संक्रान्ति, चन्द्र-सूर्य र नक्षत्र फल	२६
१६.	पञ्चाङ्गपक्ष आरम्भ, शिव-अग्निवास जुर्नेदिन	२९
१७.	पञ्चाङ्गपक्ष समाप्त, सर्वार्थसिद्धि योग	५४
१८.	सूर्योदय समयको दैनिक ग्रहस्पष्ट, मेषादि लग्नको दैनिक समय र क्रान्ति-वेलान्तरको तालिका	५५
१९.	सपना-अङ्गफरफराउँदा आदि फल	६७
२०.	विभिन्न मूहुर्त्त(साइत)हरूको विवरण, वच्चा जन्मदाँको विचार तथा मूलादि भोग्यफल, कलश, चुल्ही, कूप, द्वार, वृषवास्तु, काष्ठस्थापना, पुराण श्रवण, फणि, हल, विद्यादिको तालिका	६८
२१.	पाञ्चायन देवता स्थापना र पोड्शोपचार विधि	७१
२२.	जन्मोत्सव पूजा र जन्म वा मरण आशोच	७२
२३.	वास्तुशास्त्रीय विचार	७४
२४.	नवग्रहको विवरण, वर्षप्रवेश सारिणी, दिवा रात्रौ मुहूर्त्ता र उनमासिक जुराउने तरिका	७६
२५.	विंशोत्तरी-त्रिभागी तथा योगिनी दशान्तर	७८
२६.	नेपालको जिल्ला सदरमुकामका अंक्षाश, देशान्तर, प्रमाणिक समयान्तर तालिका तथा विश्वका केही राष्ट्रसँग नेपालको समयान्तर	७९
२७.	उत्तरी तथा दक्षिणी ध्रुवीय चर तालिका,	८०
२८.	अन्नप्राशन, गृहारम्भ, गृहप्रवेश, धान्यच्छेदन, नवान्न भक्षण, व्यापारिक प्रतिष्ठानारम्भ साइत	८२
२९.	समय शुद्धि, व्रतवन्ध-विवाह मूहुर्त्तहरू	८३

यस पञ्चाङ्ग सम्बन्धी जानकारी

पञ्चाङ्गको मुख्य उद्देश्य विविध धर्म संस्कृतिको रिती रिवाज अनुसार मनाउनुपर्ने चाडवाडमा व्रत, पर्व, उत्सवको जानकारी गराउनु हो । चाडपर्व निर्धारणगर्ने मूल विषय भनेको तिथि नक्षत्रादिको भोग्य समयको आधार हो । भोग्य समयको तत्थाङ्ग विभिन्न पद्दतिहरू अपनाई सुत्रवद्ध ढङ्गले गणितीय आधारमा तिथि, वार, नक्षत्र, योग, करणले भोग्ने अवधिको मापन घडि पला अथवा आधुनिक घडिको समयमा अनुवाद गरी घण्टा मिनेट सेकेण्ड आदि प्रणालीमा हासिल गरिन्छ । यीनै पाँच अङ्गको सिलसिलावद्ध प्रस्तुतिको स्वरुपलाई पञ्चाङ्ग भन्ने गरिन्छ ।

नेपाली पञ्चाङ्गको इतिहासमा वि. सं. १९४६ सालदेखि अनवरत रुपमा प्रकाशित भइरहेको क्रममा २०४६ सालमा सतवार्षिकी पुरा गरेको उपलक्ष्यमा, पञ्चाङ्गको भोग्यकाल घडि पलाको मापन सामान्यरूपमा बुझ्न कठिन हुने हुदाँ विकल्पमा आधुनिक घडिको समयमा रुपान्तरणगरी घण्टा मिनेटमा राख्ने परम्पराको थालनी यसै पञ्चाङ्गबाट शुभारम्भ भएकोमा कारणवस् केहीवर्ष अवरुद्ध भए पनि २०६४ सालदेखि उक्त परम्परलाई पुनः निरन्तरता दिने प्रयास गरिएको छ । त्यतिवेलाको क्रमतालाई नविगार्दै तिथि,नक्षत्र, योग, पूर्वार्द्ध र उत्तरार्द्ध करण, च. रा. (चन्द राशि) एवं ग्रहले भोग्ने अवधिको मापनलाई घडीपलाको साथै घण्टा मिनेट (वजे)मा पनि राखिएको छ । उत्तरार्द्ध करणको भोग्यकाल तिथिको समयमा नै हुनेहुँदा तिथिको भोग्यकाल "घ. प. र वजेमा" वीचको कोलममा उत्तरार्द्ध करणको पहिलो अक्षरले संकेत गरिएको छ । दि.मा. (दिन मान)को भोग्यकालको समयलाई घडि पला मात्र समावेश गरिएको हुँदा दिनमानको भोग्यकाल वजेमा जान्नुपरेमा घडि पलालाई अढाई (२.५)ले भाग गरेर हेर्न सकिन्छ ।

यस पञ्चाङ्गका विक्रेताहरू

सुकुन्दा पुस्तक भवन भोटाहिटी, काठमाडौं, ✆ ४२२०३७९
एम. के. पब्लिशर्स भोटाहिटी, काठमाडौं, ✆ ४२४९८३६
हेरिटेज पब्लिशर्स/डिस्ट्रिब्यूटर्स भोटाहिटी, ✆ ४२२१२९१
वज्रवाराही बुक सप्लायर्स भोटाहिटी, काठ., ✆ ४२२८५६३
गुरु पुस्तक विक्रेता भोटाहिटी, ✆ ४२३९२४२/ ९८१८४४२९९४
सब-वे पुस्तक/पोस्टर भण्डार भोटाहिटी, ✆ ४२३०१९०
दुर्गा न्यूज/बुक्स डिस्ट्रिब्यूटर्स भुगोलपार्क, ✆ ४२४४०९२
बालकृष्ण बुक्स सेन्टर नयाँसडक, ✆ ९८४९१४९८८२
एलाईड न्यूजपेपर डिष्टिब्यूटर्स नरदेवी, ✆ ४२६१९४८
यज्ञराज न्यौपाने वायवजार, काठमाडौं, ✆ ९८४११८४७४५
गोपीकृष्ण चौलागाईं मङ्गलबजार, ल.पु. ✆ ९८४११८४७४५
राम न्यूजपेपर सप्लायर्स कोपण्डोल, ललितपुर ✆ २१२३३५२
वच्चन ध्वज जोशी भक्तपुर, ✆ ९८४१२९३५२२
उपत्यका बाहिर: जयकाली प्रकाशन प्रा.लि. काठ.,✆ ९७४१०१७२९७
शरण उत्सुक त्रिशूलि, नुवाकोट ✆ ९८५१००२९३८
सरस्वती पुस्तक भण्डार धुलिखेल, काभ्रे, ✆
भट्टराई पुस्तक भण्डार विराटनगर, ✆ ०२१-५२४२४३
सत्यनारायण मन्दिर विराटनगर, ✆ ९८४२२२७२७०
धरान न्यूज सेन्टर धरान-वसपार्क, ✆ ०२५-५२८६८६
सुनवर्षा इन्टरप्राइजेज इटहरी, सुनसरी, ✆ ९८४२५०३३
अखिलेश्वर पुस्तक पसल लालवन्दी, सर्लाही, ✆
जानकी पुस्तक भण्डार जनकपुरधाम, ✆ ५२००९२
माइस्थान बुक स्टल वीरगञ्ज, पर्सा, ✆ ५२३४५०
झिंगु समाचार पुस्तक केन्द्र वीरगञ्ज, ✆ ५२८९१८
समाचार केन्द्र हेटौंडा, मकवानपुर, ✆ ५२०२४४
नारायणी पुस्तक सदन नारायणगढ, ✆ ५२९२८०
वैदिक पूजा सामाग्री भण्डार पुतलीवजार, नारायणगढ, ✆ ९८५५०६३२४७
श्रेष्ठ न्यूज एजेन्सी तानसेन, पाल्पा, ✆ ५२०१८२
दुर्गा पुस्तक तथा पूजा सामाग्री भण्डार बुटवल, ✆ ९८४२०८०४१९
विन्द्रासैनी इन्टरप्राइजेज कोहलपुर, बाँके, ✆
त्रिशक्ति स्टेशनरी नेपालगञ्ज, बाँके, ✆
माछापुच्छ्रेबुक्स एण्ड स्टेशनरी धम्बोजी, नेपालगञ्ज, ✆ ५३६७४५
माउण्ट उमरेष्टबुक्स एण्ड स्टेशनरी नेपालगञ्ज, ✆ ५२२८४९
लक्ष्मीभक्त/रामजी श्रेष्ठ डोटी, सिलगढी, ✆ ४२००२८
चौधरी बुक डिपो धनगढी, कैलाली, ✆ ५२१२५०,
शुक्ला पुस्तक भण्डार धनगढी, कैलाली, ✆ ५२३०७६
चुवाई पुस्तक पसल धनगढी, कैलाली, ✆ ५२३४००
चौलानी पुस्तक भण्डार मेनरोड, धनगढी, ✆ ५२४९५८
चनैराग पुस्तक पसल वैतडी, ✆ ९७५९५००६७६
दुर्गा पुस्तक भण्डार कञ्चनपुर, ✆ ५२१४६८
चौलानी पुस्तक भण्डार महेन्द्रनगर, ✆ ५२४०६८
न्यू महारुद्र पुस्तक भण्डार महेन्द्रनगर, ✆ ५२५३६७

विषय सुची

क्र.	विषयहरू	पृष्ठ
१.	पञ्चाङ्ग सम्बन्धी जानकारी	४
२.	वार्षिक भविष्य फल, जग्लग्न फल, आय-व्यय, मेष-तुलादि विषुवच्चक्र	६
३.	मासिक भविष्य फल	७
४.	संवत्सर फल, अढैया र साढेसाती दशा	१०
५.	वार्षिक राशिफल होडा ज्ञान, नामको पहिलो अक्षरवाट वर्ग हेर्ने र नक्षत्र-स्वामीको शुभशुभादि विशेष संज्ञा	११ १४
६.	षटवर्ग (होरा, द्रेष्काण, त्रिशांश, सप्तमांश, नवमांश, द्वादशांश) साधन विधि	१५
७	वर-वधूको गुण मेलापक तथा व्रतवन्ध-विवाहमा सूर्य-चन्द्र-वृहस्पति जुराउने तालिका	१६
८.	ग्रहहरूको मित्रादि सहित सर्वपयोगी, शिववास, होरा मुहूर्त्ता तथा चोरी ज्ञान विचार	१८
९.	अग्निवास, ग्रह सन्मुख, सर्वघात, चन्द्रमाको अङ्ग-वर्ण-दिशा ज्ञान, वाणपञ्चक, दिवा-रात्रिका वारवेला, योगिनी, दैष्काण, भद्रा निवास र मूल निवासको फल	१९
१०.	वर्षकुण्डली एवं जन्मभाव गोचर तथा गोचरको शुभस्थानमा जन्म राशि र ग्रहप्रवेश राशिसम्मको शुभाशुभ गणना	२०
११.	स्त्री-पुरुष जन्मकुण्डली फल, राहुमुख तालिका तथा भूकम्प आउदाँको फल	२१
१२.	प्रथम लग्न तथा पञ्च-सप्तशलाका विवरण	२२
१३.	दशम लग्न तालिका र पञ्चक दाह-शान्ति	२३
१४.	वार्षिक व्रतपर्व-मन्त्रहरू	२४
१५.	संक्रान्ति, चन्द्र-सूर्य र नक्षत्र फल	२६
१६.	**पञ्चाङ्गपक्ष आरम्भ**, शिव-अग्निवास जुर्नेदिन	२९
१७.	**पञ्चाङ्गपक्ष समाप्त**, सर्वार्थसिद्धि योग	५४
१८.	सूर्योदय समयको दैनिक ग्रहस्पष्ट, मेषादि लग्नको दैनिक समय र क्रान्ति-वेलान्तरको तालिका	५५
१९.	सपना-अङ्गफरफराउँदा आदि फल	६७
२०.	विभिन्न मूहुर्त्त(साइत)हरूको विवरण, वच्चा जन्मदाँको विचार तथा मूलादि भोग्यफल, कलश, चुल्ही, कूप, द्वार, वृषवास्तु, काष्ठस्थापना, पुराण श्रवण, फणि, हल, विद्यादिको तालिका	६८
२१.	पाञ्चायन देवता स्थापना र षोड्शोपचार विधि	७१
२२.	जन्मोत्सव पूजा र जन्म वा मरण आशोच	७२
२३.	वास्तुशास्त्रीय विचार	७४
२४.	नवग्रहको विवरण, वर्षप्रवेश सारिणी, दिवा रात्रौ मुहूर्त्ता र उनमासिक जुराउने तरिका	७६
२५.	विंशोत्तरी-त्रिभागी तथा योगिनी दशान्तर	७८
२६.	नेपालको जिल्ला सदरमुकामका अंक्षाश, देशान्तर, प्रमाणिक समयान्तर तालिका तथा विश्वका केही राष्ट्रसँग नेपालको समयान्तर	७९
२७.	उत्तरी तथा दक्षिणी ध्रुवीय चर तालिका,	८०
२८.	अन्नप्राशन, गृहारम्भ, गृहप्रवेश, धान्यच्छेदन, नवान्न भक्षण, व्यापारिक प्रतिष्ठानारम्भ साइत	८२
२९.	समय शुद्धि, व्रतवन्ध-विवाह मुहूर्त्तहरू	८३

यस पञ्चाङ्ग सम्बन्धी जानकारी

पञ्चाङ्गको मुख्य उद्देश्य विविध धर्म संस्कृतिको रिती रिवाज अनुसार मनाउनुपर्ने चाडवाडमा व्रत, पर्व, उत्सवको जानकारी गराउनु हो । चाडपर्व निर्धारणगर्ने मूल विषय भनेको तिथि नक्षत्रादिको भोग्य समयको आधार हो। भोग्य समयको तत्थाङ्ग विभिन्न पद्दतिहरू अपनाई सुत्रवद्ध ढङ्गले गणितीय आधारमा तिथि, वार, नक्षत्र, योग, करणले भोग्ने अवधिको मापन घडि पला अथवा आधुनिक घडिको समयमा अनुवाद गरी घण्टा मिनेट सेकेण्ड आदि प्रणालीमा हासिल गरिन्छ। यीनै पाँच अङ्गको सिलसिलावद्ध प्रस्तुतिको स्वरुपलाई पञ्चाङ्ग भन्ने गरिन्छ ।

नेपाली पञ्चाङ्गको इतिहासमा वि. सं. १९४६ सालदेखि अनवरत रुपमा प्रकाशित भइरहेको क्रममा २०४६ सालमा सतवार्षिकी पुरा गरेको उपलक्ष्यमा, पञ्चाङ्गको भोग्यकाल घडि पलाको मापन सामान्यरूपमा बुझ्न कठिन हुने हुदाँ, विकल्पमा आधुनिक घडिको समयमा रुपान्तरणगरी घण्टा मिनेटमा राख्ने परम्पराको थालनी यसै पञ्चाङ्गवाट शुभारम्भ भएकोमा कारणवस् केहीवर्ष अवरुद्ध भए पनि २०६४ सालदेखि उक्त परम्परलाई पुनः निरन्तरता दिने प्रयास गरिएको छ। त्यतिवेलाको क्रमतालाई नविगार्दै तिथि,नक्षत्र, योग, पूर्वाद्ध र उत्तर्रार्द्ध करण, च. रा. (चन्द राशि) एवं ग्रहले भोग्ने अवधिको मापनलाई घडीपलाको साथै घण्टा मिनेट (वजे)मा पनि राखिएको छ । उत्तर्रार्द्ध करणको भोग्यकाल तिथिको समयमा नै हुनेहुँदा तिथिको भोग्यकाल "घ. प. र वजेमा" वीचको कोलममा उत्तर्रार्द्ध करणको पहिलो अक्षरले संकेत गरिएको छ। दि.मा. (दिन मान)को भोग्यकालको समयलाई घडि पला मात्र समावेश गरिएको हुँदा दिनमानको भोग्यकाल वजेमा जान्नुपरेमा घडि पलालाई अढाई (२.५)ले भाग गरेर हेर्न सकिन्छ।

भद्रा, द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक आदिको मान्यावधिलाई पूर्ववत् दिदै आएको घडि पलाका साथै घण्टा मिनेट (वजे)कोलागि सोही घडि पलाको वायाँपट्टिको कोलममा उपयुक्त तिथि, नक्षत्र, करणको घडि पला मान्य अवधि बराबरको बजेमा हेर्दा हुन्छ।

उदाहरण: यस पञ्चाङ्गमा समावेश भएको तिथि, नक्षत्र, योग, करण, च.रा.(चन्द्रराशि) मापन एकाइ घ.प.(घडि पला)लाई आधुनिक घडिको समयमा रुपान्तरण गरेर बजेमा राखिएको अङ्कहरू कसरी हेर्ने भन्नुपर्दा- रातको १२ बजेदेखि दिनको १२ बजेसम्मलाई क्रमश: १, २, ३, ... १२ बजे, दिनको १ बजेदेखि रातको ११ बजेसम्मलाई क्रमश: १३, १४, १५, ... २३ बजेसम्म तथा रातको १२ बजेलाई ०:० बजेमा क्रमैसँग राखिएको छ। स्मरणरहोस् रातको १२, १, २, ३, ४, ५, ६ बजेको समयलाई भोलिपल्टको सूर्योदय अगाडिसम्मको समय अघिल्लै दिनमा गणना गर्ने नियम रहदैं आएको हुदाँ यसरी राखिएको हो। जस्तै: वैशाख १ गतेको चैत्रशुक्ल ७ तिथिको ५४।५ घ.प.को ३:२१ बजेमा भन्नाले भोलिपल्टको सूर्योदय अगाडि रातको ३ बजेर २१ मिनेटसम्म रहने त्यसपछि अष्टमी तिथि तथा ८ गतेको चै.शु.१३ तिथिको ६:२ बजेमा भन्नाले सूर्योदय पछाडिको ६:२ बजेसम्म भएकोले त्यसपछि सोही दिन चतुर्दशी तिथि लाग्दछ भनेर सम्झनु पर्दछ।

ग्रहहरूले भोग्ने अवधिको समयलाई "ग्रह संचार घडिपलाका साथै कोष्ठ भित्र बजेमा" नामाकरण गरी राखिएको छ। तसर्थ सम्पूर्ण अङ्गको घडि पलाका साथै घण्टा मिनेट (वजे) मा समावेस गर्ने कार्यमा यो पञ्चाङ्ग पहिलो हुन पुगेको तथ्यलाई बढो गर्वले भन्न सकिन्छ।

अझ बढी सरल बनाउने उदेश्यले पञ्चाङ्गका मुख्य अङ्गसंगै दैनिक ग्रहस्पष्ट, लग्नको समय तालिका एकै ठाउमा राखेर प्रस्तुत गर्ने प्रयास गरिएको छ। यसबाट कुनै पनि दिनको दैनिक सूर्योदय समयको ग्रहस्पष्ट र दैनिक मेष आदि बाह्रै लग्नको समय तालिका राखिएका छ। सूर्य-चन्द्र, नक्षत्र, संक्रान्ति तथा मासिक फलादेश जुनपक्षमा संक्रान्ति पर्छ सोही पक्षको दैनिक ग्रहस्पष्ट र दैनिक लग्न तालिकाको पक्षको पृष्ठ सकिदा साथैको पृष्ठमा राखिएको छ। विगत देखि दिइदै आएको वर्ष भरी कै केही प्रमुख चाडपर्व लगायत केही महत्वपूर्ण वैदिक मन्त्रहरू विवरण सहित यस पञ्चाङ्गलाई अत्यन्तै सुक्ष्म तवरले प्रस्तुत गर्ने जमर्को गरिएको छ।

"पञ्चाङ्गको भोग्यकाल समाप्तिमा हुन्छ भने ग्रहको भोग्यकाल चाँहीं आरम्भ कालिन हुन्छ"

भद्राको समयमा कुनै पनि साइत नजुर्ने हुँदा द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक परेको वेलामा कसैको जन्म वा मरण भएमा त्यसवर्षमा त्यस वंशमा द्विपुष्करमा २, त्रिपुष्कर मा ३ र धनिष्ठा पञ्चकमा पाँच नै जे भएको छ, त्यही हुन्छ भन्ने शास्त्रोक्ति अनुसार उपरोक्त द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक कुन दिन कुन समयमा पर्छ भन्ने हेतुले वडो महत्वकासाथ संलग्न गरिएको हो।

पञ्चाङ्ग एवं ग्रहको भोग्यावधिहरू र दैनिक लग्न आरम्भको समयलाई घण्टा मिनेटलाई बजेमा परिवर्तन गर्दा मध्यान्ह १२ वजेपछिको समयलाई क्रमगत रूपमा १३, १४, ... २३ आदि देखि मध्यरातको १२ बजे पछिको समयलाई भने २४ घण्टामा घटाएर क्रमश: ०, १, २, ३, ४, ५ र ६ बजेमा भोलिपल्टको सूर्योदय नहुँदासम्म लाई अघिल्लै दिन सम्झनुपर्ने नियमानुसार क्रमबद्ध ढङ्गमा समावेश गरिएको छ।

दैनिक लग्नको वारेमा भन्नुपर्दा कुनदिनको कुन समयमा कुन लग्न आरम्भ हुन्छ। त्यसै अनुसार आफ्नो कार्यतालिका निर्धारण गर्न सरल होला कि भन्ने उदेश्यले यसलाई समावेश गरिएको हो।

कुनै पनि आवश्यकसमयको लग्नको गणना गर्नमा सूर्यादिस्पष्ट साप्ताहिक भन्दा दैनिक रूपमा हुदाँमा केही हदसम्म सहायक हुन्छ की भन्ने उद्देश्यले- सूर्य लगायत चन्द्र, मङ्गल, बुध, वृहस्पति, शुक्र, शनि तथा राहु-केतु ग्रहहरूको दैनिक सूर्योदय समयको दैनिक ग्रहस्पष्ट तालिका पनि प्रारम्भ गरिएको हो। पूर्ववत् दिइदैं आएको अब्धिष्ट कालीन साप्ताहिक ग्रहस्पष्ट पनि कायमै गरिएको छ। हुनत ग्रहको स्थिति प्रत्येक क्षणमा बदलिने गर्दछ।

यदि कसैको जन्म जुन स्थानमा भएको छ, प्रमाणिक पञ्चाङ्गको माध्यमबाट सो स्थानको स्थानीय सूर्योदयको आधारमा पञ्चाङ्ग निर्माण गरेर जन्मकुण्डली निर्माण गर्दा शुद्ध जन्मकुण्डली बनाउनमा सहायकसिद्ध होला की भन्ने विचारले कुनै पनि ठाउँको पञ्चाङ्ग सूर्योदयको समयलाई चर-वेलान्तर-क्रान्तिद्वारा गणितीय माध्यम बाट प्रमाणिक पञ्चाङ्गको समयसँगको भिन्नता जान्नका लागि चर, दैनिक क्रान्ति, विभिन्न ठाउँहरूको अंक्षाश, देशान्तर र प्रमाणिक समयान्तर तालिकानुसार गणना गरेर पनि हेर्न सकिन्छ। उपरोक्त तालिकाहरू यसमा पनि विगत केही वर्षदेखि समावेश गरिएको छ।

आवश्यक ठाउँको अंक्षाशको आधारबाट कुनै आवश्यक समयको क्रान्तिको मिलन विन्दुको मापन एकाइलाई चर भनिन्छ। उत्तरी र दक्षिणी गोलार्द्धको चर विन्दु फरक फरक हुने गर्दछ।

स्थानीय प्रमाणिक सूर्योदय =
६ घण्टा ± चर ± समयान्तर ± वेलान्तर

(क) अंक्षाश र क्रान्ति दुवै उत्तर वा दक्षिण भएमा चर -(ऋण)।

(ख) अंक्षाश उत्तर र क्रान्ति दक्षिण एवं विपरित अंक्षाश दक्षिण क्रान्ति उत्तर भएमा चर +(धन)।

(ग) समयान्तर विपरित संस्कार +(धन) भए -(ऋण) र -(ऋण) भएमा +(धन)।

(घ) वेलान्तर भने तालिकानुसार जे छ त्यसै गर्ने। (धन भए + तथा ऋण भएमा-)।

यस पञ्चाङ्गमा उल्लेखित चरतालिका नेपाल उपयुक्त किरण वक्री भवन संस्कृत चर भएको हुदाँ वैदेशिक सूर्योदय निकाल्दा चरमा पुनर्विचार गर्नुपर्ने हुन्छ। उक्त चर तालिका नेपालको स्थानीय कुनै पनि आवश्यकीय ठाउँको स्थानीय प्रमाणिक सूर्योदय निकाल्न प्रयोग गर्न सकिन्छ। स्मरण रहोस् यस पञ्चाङ्गमा उल्लेखित समयान्तर नेपालको गौरी शङ्कर हिमाल ८६°१५' (०° ०' ग्रीनवीचबाट शुरु भई पूर्वतर्फ आएको) नेपालमान्य पूर्वीय देशान्तरको आधारमा नेपालको स्थानीय समायान्तर पूर्वतर्फ +(धन) र पश्चिमतर्फ -(ऋण)को तालिका प्रस्तुत गरिएको छ। समयान्तर जिल्ला सदरमुकामको पनि निश्चित ठाउँको भएकाले सदरमुकाम भन्दा पूर्वको समयमा २४ किलोमिटर वरावर १ मिनेट जोड्ने र पश्चिमको लागि घटाउने तर उत्तर दक्षिणमा केहि गर्नु पर्दैन।

नेपालमा मनाइने प्राय: सवै धर्मावलम्वीको तथा थुप्रै जनजातिको चाडपर्व लगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय दिवसहरू साथै विभिन्न उपयोगी ज्योतिषीय सामाग्रीले सुसज्जित सर्वपयोगी ढङ्गले यस पञ्चाङ्गलाई प्रस्तुत गरेको छु, क्रिया प्रतिक्रियाको अभिलाषा राख्दै उचित सल्लाह र सुझावको अपेक्षामा। यदि कहि कसैको कुनै पर्व छुटेको भए सप्रमाणको रुपमा न.पा. अथवा गा.वि.स. वा अन्य सिफरिस पत्र सहित र यस पञ्चाङ्गलाई कस्तो रुपमा देख्न चाहनु हुन्छ, लेखेर पठाउनु हुन पनि अनुरोध गरिन्छ।

वार्षिक भविष्य फल

श्री शाके १९३८, विक्रम २०७३ संवत्को **सौम्यनामक** संवत्सर हो। यो प्रभवादि ६० संवत्सरमध्यको ४३औं संवत्सर हो। यस वर्षका **राजा शुक्र** तथा **मन्त्री बुध** ग्रह परेका छन्। अन्य ग्रहले निम्न विभागहरू भोग्नेछन्- धान्येशले गुरु(वृहस्पति), मेघेशले बुध, रसेशले चन्द्र, सस्येशले शनि, नीरसेशले शनि, फलेशले भौम, धनेशले शनि, दुर्गेशले बुधमा गठन भएकोले ४० प्रतिशत अशुभ ग्रहको सहभागिता रहें पनि ६० प्रतिशत शुभग्रहको उपस्थितिमा ग्रह परिपदले आ-आफ्नो कार्यहरू सुचारु ढङ्गले संचालन गरी निम्न शुभाशुभ फल प्रदान गर्नेछन्। यस वर्षारम्भमा धनु जगल्लग्न आएको छ।

जगल्लग्न कुण्डली

७।१६।८।४२।



जगल्लग्न फलम् (जन्मलग्न वा जन्मराशिबाटहेर्ने)	
मेष	८. कष्टम्
वृष	७. स्त्रीसुखम्
मिथुन	६. अरिपराजयः
कर्कट	५. पुत्रसुखम्
सिंह	४. मित्रसुखम्
कन्या	३. कुटुम्ववृद्धिः
तुला	२. धनलाभः
वृश्चि	१. देहसुखम्
धनु	१२.दुःखदाप्रियम्
मकर	११. लाभः
कुम्भ	१०. सुखम्
मीन	९. धर्मार्थप्राप्तिः

राजा शुक्र र मन्त्री बुधको आपसमा मित्रवत् सम्बन्ध रहने हुँदा समाजमा सुखद् स्थिति निम्तिने अवस्थाको श्रृजना होला। राष्ट्रको हितार्थ प्रायशः सबै जसो विकासका कार्यक्रमहरूले मान्यता पाउदै जाला। तर पनि आर्थिक अभावले निरन्तता पाउन भने वेला वेलामा कठिनाई ननिम्तेला भन्ने छैन। उत्श्रृङ्खल गतिविधिले कहि कतै वितण्डा मच्चाउन नखोज्लान पनि भन्ने छैन। राज्य शक्ति मजबुत बन्दै जानाले त्यस्ता समस्याले निवृति पाउला। राजनीति सद्मार्गमा अग्रसर हुदै जाला। दलका नेताहरूमा पनि सचेतना जाग्नाले राष्ट्रिय मनोभावनाले विस्तारित वन्ने मौका पाउला। यस वर्ष धेरै ठुलो उपलब्धि हासिल नभए पनि सामान्य सुधारात्मक स्थिति आउन सक्ला जस्तो लाग्छ।

सामाजिक विसंगतिहरूमा लुच्चा, लफङ्गा, फटाहाको ज्यादती तथा चोरी-डकैती-लुटपाट-हत्या-बलात्कारादि अशोभनीय घटनाहरू नियन्त्रित वन्न नसक्ला। आशाप्रद उद्योगधन्दाको विकासले वेरोजगारी समस्या हल हुने स्थिति खासै नहोला। वैदेशिक सहयोग प्रचूर मात्रामा भइरहे पनि त्यसले कुनै ठुलो परिवर्तन गर्ने संभावना देखिदैन। संक्रामक तथा प्राणघातक रोगव्याधको समाधानमा उच्चता हासिल नहोला। यद्यापि स्वास्थ्य विज्ञानको क्षेत्रमा आधुनिक प्रविधिको विकासले भने निरन्तरता पाउला। प्रायशः धार्मिक स्वतन्त्रताको रक्षार्थ सजग र चनाखो हुदै जालान। धार्मिक गतिविधिमा वढी नै केन्द्रिकृत वन्दै गइरहेको अनुभूतिले समाज सुसंस्कृत नहोला भन्ने छैन।

व्यापार व्यवसायको क्षेत्रमा ठुलो प्रगति हुन नसके पनि सामान्य जीवनयापनमा सहजता ल्याउला। जग्गाजमिनको कारोवारले आर्थिक स्थिति मजवुत वनाउला। कृषिकार्य, पशु-पंक्षिपालन र जलचर प्राणीको व्यवसायवाट पनि सन्तोषै गराउला। प्रमुख खाद्यान्नमा धान, गहुँ, मकै, जौ आदिको उचित उत्पादन भए पनि वजार साँगुरिनाले भाउ अनियन्त्रित वन्ने लक्षण देखिन्छ। सुन-चाँदी आदि धातु र हीरा, मोति, पन्ना, मणि-माणिक्यादिको भाउ सामान्य रहला।

विद्यार्थीवर्ग नीति र नियममा वाँधिनसक्ने क्षमतामा ह्रास आउला। पत्रकारको सुरक्षामा खासै ध्यान नपुगे पनि आफ्नो पेशालाई मर्यादित वनाउने प्रयत्न होलान। श्रमजिवीवर्गको सुविधामा सम्वन्धित निकायवाट ध्यान नपुग्दा खिन्नता छाउला। कर्मचारीमा सम्मानको आशा पलाउला। कला र साहित्यले सामाजिक दर्पण वन्ने प्रयत्न गरे पनि उनीहरूको प्रगतिमा वाधा पर्ला। व्यापारीवर्गको उन्नतिमा समस्या तेर्सिएला।

जलवायु परिवर्तनको कुप्रभावले तापक्रमको प्रतिकूलताले सवैतिर निराशा छाउला। कुनै भू-भागमा अनावृष्टिले खाद्य उत्पादनमा कटौती, कतै खण्डवृष्टिले सुख्खा-खडेरीको प्रधानता र कहीं अतिवृष्टिले वाढी-पहिरोको समस्या निम्त्याउला। भूक्षय, भूस्खलन, भूकम्प आदि दैवीय विपति, स्थल तथा हवाई दुर्घटनाको प्रवलता पनि न भएको होइन।

१. अष्टोत्तरी मतानुसार आय-व्ययको विवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	२	११	१४	८	११	१४	११	२	५	८	८	५	९१
व्यय	८	१४	११	११	५	११	१४	८	१४	८	८	१४	१२६

दृष्टव्यः विन्ध्योत्तर निवासीकालागि विंशोत्तरी र विन्ध्याचलवाट दक्षिण निवासीकालागि अष्टोत्तरी तर नेपालकोलागि विंशोत्तरी मत अनुसारको आय-व्यय विवरण हेर्नुहोला।

२. विंशोत्तरी मतानुसार आय-व्ययको विवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	११	५	११	५	८	११	५	११	८	२	२	८	८७
व्यय	५	१४	११	८	५	११	१४	५	११	१४	१४	११	१२३

आय-व्यय ज्ञानविधिः आफ्नोराशिको उपयुक्त आय-व्यय अंक जोडने, जोडमा १ अंक कम गरेर ८ ले भाग गर्दा शेष १ रहेमा लाभ, २ मा सुख, ३ मा दुःख, ४ मा रोग, ५ मा अपवाद, ६ मा सम्मान, ७ मा विजय, ८ वा ० मा हानिको योग यो वर्षमा हुनेछ। सारांशमा १, २, ६, ७ भाग शेष रहेमा यो वर्षमा लाभ, भाग्यको उदय, नोकरी धन्दामा पदोन्नति आदि हुनेछ भने, २, ४, ५, ० भाग शेष रहेमा मानसिक चिन्ता र खर्च वढ्ने आदि हुनेछ।

मेष विषुवच्चक्रम्	फलानि	तुला विषुवच्चक्रम्
अश्वि.भ.कृ.रो.मृ.आ.पु.	शीर्षे-भूलाभः	ध.श.पूभा.उभा.रे.अ.भ.
पूभा. उभा. रेवती	मुखे-पाण्डित्यम्	पूषा. उषा. श्रवण.
पूषा. उषा. श्र. ध. शत.	हृदि-धनागमः	स्वा. वि. ऽनु. ज्ये. मू.
ऽनुराधा. ज्येष्ठा. मूल	दक्षकरे-स्त्रीलाभः	उफा. हस्ता. चित्रा.
चित्रा. स्वाती. विशाखा	वामकरे-भैक्षम्	श्लेषा. मघा. पूफा.
पूफा. उफा. हस्ता.	दक्षपादे-भ्रमणम्	ऽऽर्द्रा. पुनर्वसु. तिष्य.
तिष्य. श्लेषा. मघा.	वामपादे-कष्टम्	कृतिका. रोहिणी. मृगशिरा.

मेषविषुवत्को शान्तिः उशीर, वालं, प्रियंगु गोरोचनं, सहदेवी, कमलापत्र, माधवको प्रतिभा, कलश, वस्त्र, पूजाभाग, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, त्रिमधुले होम गर्ने

तुलाविषुवत्को शान्तिः उशीर, वालं, अगरु कपूर, श्रीखण्ड, रक्तचन्दन, कूट, लोध, गोरोचन, गोविन्दको प्रतिमा, कलश, पहेलोवस्त्र, सेतोफूल, पञ्चामृत, गोदान, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, मह र दुग्धले होमादिगरी गंगास्नान, नारायण पूजा, रुद्रीपाठ, चण्डी (दुर्गा सप्तशती) पाठगर्दा सुखशान्ति पाइन्छ भन्ने भनाइ छ।

यी शान्तिका प्रयत्नहरू वामपादमा पर्नेले गर्नुपर्दछ।

मासफल वैशाख: महीनामा ५ बुध, विही र शुक्रवार तथा सूर्यसंक्रान्ति बुधवार परेको छ। चैत्र शुक्ल, वैशाखकृष्ण, वैशाखशुक्लपक्ष **वैशाख** महीनामा पर्दछ। बुधवासरीय संक्रान्तिले सबै प्रकार वस्तुहरू महंगा बनाउला। ५ वृहस्पतिले अनियमित र कालो बजारीका प्रभुत्वधारीहरू हतोत्साहीत होलान। ५ शुक्रवारले पनि बजार भाउ अनियन्त्रित बनाउला।

सामाजिक विसंगतिहरू सौम्य प्रवृतिका होलान। शत्रुबाट ठुलो समस्या निम्तिने प्रवलता छैन। कृषिकार्य र पशु-पंक्षिपालनको व्यवसायले राम्रै प्रतिफल हासिल गराउला। व्यापारीक गतिविधिले आर्थिक सन्तुलन सुदृढ बनाउला। धार्मिक क्रियाकलापले समाज बढी सुसंस्कृत बन्दै जाला। प्रशासनिक क्षेत्र सुधारोन्मुख बन्दै जाला। राजनीतिले सबैको मनोभावना अनुसार सकारात्मक उर्जा प्रदान गर्ला। स्वास्थ्य विज्ञानको प्रगतिले सामान्यदेखि जटिल रोगव्याध पनि नियन्त्रणमा आउला। शत्रुत्व प्रवृति निस्तेज होला।

शैक्षिक क्षेत्रमा सामञ्जश्य हुन नसक्ला। दैवीय विपतिहरूमा सवारी दुर्घटना लगायतका अनेकौं समस्या न निम्तेला भन्ने छैन। आम्दानीको तुलनामा खर्चको अनुपात नियन्त्रणमा आउन मुस्किल पर्ला। खाद्यान्न, बहुमूल्यधातु र कपडामा भाउ वृद्धिको योग रहला।

अग्नि र वायु आदिले उग्ररुप धारण गर्न सक्ला। महिनाको प्रारम्भतिर झरीको प्रवलता र अन्त्यतिरको समयमा मेघ बादल रहित स्वच्छन्छ घमाइलो स्थितिको दर्शन होला। पूर्वीय भेग अन्यत्रको भन्दा ज्यादा शान्तदायी होला।

मासफल ज्येष्ठ: महीनामा ५ शनि, आइत, सोम र मङ्गलवार तथा सूर्यसंक्रान्ति शनिवार परेको छ। वैशाखशुक्ल, ज्येष्ठकृष्ण र ज्येष्ठशुक्लपक्ष **जेठ** महीनामा पर्दछ। शनिवासरीय संक्रान्तिले अनेकौं संकट ल्याउला। ५ शनि, आइत र मङ्गलले त्यति उपयुक्त वातावरण देखाउला जस्तो लाग्दैन। ५ सोमले भने खाद्यवस्तुमा राम्रै परिस्थिति देखाउला।

पठन पाठनको महत्वले सबैमा जागरुकता ल्याउने हुँदा शैक्षिक जगत सुधारोन्मुख बन्ला। रोगव्याधको प्रकोप स्वास्थ्य विज्ञानको प्रगतिले नियन्त्रणमा आउला। धर्मकर्मको क्षेत्रमा प्रशंसायोग्य काम होला। अमर्यादित र अशोभनिय कार्यको सर्वत्र भर्सना होला। शत्रुपरास्त होलान। अनावश्यक व्ययभार नियन्त्रणले आम्दानीको मार्ग विस्तारिर्द जाला। दैवी दुर्घटना लगायतका विपतिमा कमि आउला।

कृषि तथा पशु-पंक्षिपालन व्यवसाय प्रगतियोग्य बन्न नसक्ला। व्यापार व्यवसायबाट पनि सोच अनुरुपको लाभ हुने संभावना नहोला। दलहरूको तनावपूर्ण वातावरणले गर्दा राजनितिलाई जनताको भावनामा खरो उतिर्नमा मुस्किल पर्ला। निजामति सेवामा पनि विकास हुन नसक्ला। लत्ता-कपडा, मूल्यवान् धातु लगायत दैनिक उपभोग्य खाद्यान्नको भाउमा सामान्य महंगीले सताउला। सवारी साधनहरूमा अनावश्यक ढङ्गको महंगी कै प्रकोप रहला।

अग्निको र आँधिको प्रकोप पर्ला। पहिलो सप्ताहतिर सामान्य वर्षाको र अन्त्यतिर भने प्रचण्ड गर्मिको प्रवलता होला। उत्तरी क्षेत्रमा अलि तनाव रहला।

मासफल आषाढ: महीनामा ५ बुध, विही र शुक्रवार तथा सूर्यसंक्रान्ति बुधवार परेको छ। ज्येष्ठ शुक्ल, आषाढकृष्ण, आषाढशुक्लपक्ष **असार** महीनामा पर्दछ। बुधवासरीय संक्रान्तिले सर्वत्र महंगी छाउला। ५वृहस्पतिले असामान्यढङ्गले प्रभुत्व जमाउन खोज्नेहरू निरुत्साहित बन्लान। त्यस्तै ५शुक्रवारले सबैको भाउ उच्चतहमा पुऱ्याउला।

जोश र जाँगरको वृद्धिले आँटेको कामले पूर्णता पाउला। व्यापार व्यवसायले उन्नतिमार्ग विस्तार्ला। अनावश्यक खर्च नियन्त्रित बन्नाले प्रफूल्लता छाउला। कृषिजन्यकार्य र पशु-पक्षिपालन व्यवसाय प्रगतियोग्य बन्दै जाला। समग्रमा आर्थिकसन्तुलन मजबुत ढङ्गको होला। दुर्घटना लगायत दैवीय विपतिमा कमि।

स्वास्थ्यको क्षेत्रमा अनेकौं समस्याहरू आउला। शैक्षिक क्षेत्रमा अनेकौं प्रकारका समस्याहरूले जरो गाढ्ने अवस्था आउला। धार्मिक गतिविधिले प्रश्रय पाइरहे पनि सोको जगेर्नामा ध्यान पुग्न नसक्ला। पापीय मनोवृतिले समाजलाई ग्रस्त बनाउला। स्वार्थको भावनामा केन्द्रित रहनाले जनहितार्थ उभिन राजनैतिक दलका नेताहरू असमर्थ होलान। प्रशासनतर्फ पनि खासै सुधारात्मक वातावरण आउन नसक्ला। सुन, चाँदी लगायतका धातु तथा रत्नहरू महंगो होला। खाद्यान्नहरूमा पनि मूल्य वृद्धिको योग देखिन्छ। महीनाको मध्य मेघबादल सहित वर्षातको प्रवलता र बाढी पहिरो आदिको संभावना पनि नभएको होइन। कही कतै भूक्षय भूस्खलन आदिको संभावना पनि नभएको होइन। विशेष: उत्तरतिर पीडा होला।

मासफल श्रावण: महीनामा ५ शनि, आइत, सोम र मङ्गलवार तथा सूर्यसंक्रान्ति शनिवार परेको छ। आषाढशुक्ल, श्रावणकृष्ण र श्रावणशुक्लपक्ष **साउन** महीनामा पर्दछ। शनिवासरीय संक्रान्तिले शासकवर्गमा अनिष्ठको संकेत देखाउला। ५ शनि, आइत र मङ्गलले पनि सन्तोषजनक लक्षण नआउला। ५ सोमले उचित जलवर्षण र धान्यवस्तु सस्ति एला। वैदेशिक सद्भावले प्रधानता पाउला।

स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधको प्रकोप नियन्त्रणमा आउला। शत्रु पराजित हुदै जालान। जोश र जाँगरको अभिवृद्धिले काममा सफलता हासिल गराउला। अन्याय अत्याचार जस्ता पापीय मनोवृति विस्तारै घट्दै जाला। धार्मिक गतिविधिहरूले समाज सुशोभित बनाउला। व्यापारीककार्य सफल बन्ला। कृषिकार्य र पशु-पंक्षिपालनको व्यवसायले पनि राम्रै उपलब्धि हासिल गर्ला। जग्गा जमिनको कारोवार बाट अर्थतन्त्र सुदृढ बन्ला। अनावश्यक व्ययभार नियन्त्रणमा र आर्जन पनि सोच अनुरुप नै होला। राजनीति परिस्थितिजन्य अवस्थाको होला। निजामति सेवाको क्षेत्र पनि लाभदायी बन्दै जाला।

शिक्षाको सुधारमा दृष्टि नपुग्नाले शैक्षिक स्थिति धमिलिदै गएको अनुभव होला। भुक्षय, भूकम्प, बाढी, पैरो जस्ता दैवी विपतिको प्रवलता पनि हुन सक्ला। सवारीका साधन लगायत मुख्य खाद्यान्न, सुन, चाँदी लगायतका बहुमूल्य धातुमा पनि मंहगी देखिएला। महीनाभरी कतै खण्डवृष्टि त कही अतिवृष्टि होला। पश्चिम, उत्तर र दक्षिणतिर प्राय: अशान्त रहला।

मासफल भाद्र: महीनामा ५ बुध, विही र शुक्रवार तथा सूर्यसंक्रान्ति बुधवार परेको छ। श्रावणशुक्ल, भाद्रपदकृष्ण र भाद्रशुक्लपक्ष **भदौ** महीनामा पर्दछ। बुधवासरीय संक्रान्तिले रसवस्तुमा हानि गराउला। ५ वृहस्पतिले घृतवस्तु सस्तो बनाउला। ५ शुक्रवारले जनसंख्या बढाउला।

शिक्षामा सरकारी तवरबाटै सुधारको वातावरण आउला। राम्रो नियतले संचालन गरेको व्यावसायमा हानि हुने संभावना कमै रहला। पापीय क्रियाकलाप निरुत्साहित बन्दै जाला। बेला बेलामा सम्पन्न भई रहने धार्मिक कार्यक्रमले समाज सुसंस्कृत बनाउला। शत्रु परास्त होलान। सवारी दुर्घटना लगायत दैवी विपतिहरूमा न्यनताको आभाष पाइएला। स्वास्थ्य विज्ञानको निराशाले रोगव्याधको प्रकोप नियन्त्रणमा शिथिलता आउला। राजनीतिले दलका नेताहरूमा विकास निर्माणकार्य प्रतिको रुची जागृत हुँदै जाला। प्रशासनिक कामले पनि सफलता पाउला। अनावश्यक व्ययभार कटौतिमा दक्षता बढ्ला। आम्दानी आफ्नै गतिमा भइरहला।

तर पनि व्यापार व्यवसायमा गिरावट आउला। कृषिकार्य र पशु-पंक्षिपालनको व्यवसाय पनि खासै उपलब्धिमूलक बन्न नसक्ला। दैनिक उपभोग्य खाद्य वस्तु र केही बहुमूल्य धातुहरूमा भाउ बढ्ला। महीनाको प्रारम्भमा वर्षातको संभावनाले कही कतै बाढी पहिरोले जनजीवन नै अस्त व्यस्त हुने संभावना नहोला भन्न सकिदैन। अन्यत्र भन्दा पूर्वीयभेग शान्तिदायी देखिएला।

मासफल आश्विन: महीनामा ५ शनि र आइतवार तथा सूर्यसंक्रान्ति शनिवार परेको छ। आश्विन कृष्ण र आश्विनशुक्लपक्ष **असोज** महीनामा पर्दछ। शनिवासरीय संक्रान्तिले अल्पवृष्टि र धान्यवस्तुको उत्पादनमा ह्रास ल्याउला। ५ शनिले पनि त्यति उपयुक्त परिस्थिति न ल्याउला।

काममा लगनशीलता र मेहनतको भरमा आम्दानीको मुहान स्थिर रहनाले आर्थिक सन्तुलन मजबुत बन्ला। समाजबाट पापीय मनोवृति तिरस्कृत हुदै जाला। धार्मिक गतिविधिहरू प्रशस्त मात्रामा होलान। शिक्षामा सुधारात्मक वातावरणको उत्पतिले शैक्षिक जगतमा उच्चता हासिल गराउला। व्यापार व्यवसायमा मनग्यै फाइदा होला। दैवीय दुर्घटना लगायतका विपतिहरूमा न्यूनिकरण आउने हुदाँ सबैमा हर्षोल्लास छाउला। जनहितार्थ राजनैतिक दलका नेताहरूले आफ्नो व्यवहार सुधारात्मक बनाएर राम्रा कार्यको प्रार्दुभाव गर्लान।

आम्दानी मजबुत बन्दै गए पनि अनावश्यक खर्च नियन्त्रणमा आउन मुस्किलै पर्ला। अन्नपातको उत्पादन ह्रासोन्मुख बन्ला। पशु-पंक्षिपालनको व्यावसाय खासै सन्तोषजनक स्थिति हुन नसक्ला। वैदेशिक व्यापार र रोजगारीबाट पनि आर्थिक स्थिति सुध्रिन नसक्ला। नुनिलोवस्तु, सुगन्धितवस्तु, खाद्यान्न, रसवस्तु, बहुमूल्य धातु र लत्ता कपडामा महंगाई बढ्ला।

महीनाको पूर्वार्द्धमा छिटपुट झरीको प्रवलता रहें पनि द्वोस्रो सातातिर भने केही मेघबादल दर्शनको योग र अन्त्यको मौसम घमाइलो बन्ला। अन्यत्र भन्दा पूर्वीय भेगमा सुखद वातावरण देखिएला।

मासफल कार्तिक: महीनामा ५सोम र मङ्गलवार तथा सूर्यसंक्रान्ति सोमवार परेको छ। कार्तिककृष्ण, कार्तिकशुक्ल र मार्गशीर्षकृष्णपक्ष **कात्तिक** महीनामा पर्दछ। सोमवासरीय संक्रान्तिले अन्नपातको भाउ गिराउला। ५ मङ्गलले केही दुःखद वातावरण न निम्त्याउला भन्न सकिदैन।

पराक्रम बढ्दै जानाले काममा जोश र जाँगर वृद्धि होला। सामाजिक कुसंस्कारहरूमा सुधारको वातावरण आउला। पापीय मनोवृति निरुत्साहित बन्दै जाला। धार्मिक अनुष्ठानहरूको व्यापकताले धर्मको क्षेत्रमा लाग्नेहरूको उत्थान हुँदै जाला। व्यापार व्यवसाय लगायत कृषिकार्य र पशु-पंक्षिपालनबाट आर्थिक संकट निर्मूलतातर्फ उन्मुख होला। नेताहरूमा सद्बुद्धि पलाउदाँ राष्ट्रिय राजनीति उतार चढावले युक्त भए पनि समयानुकूल बन्दै जानाले जनतामा आशाका किरण पलाउला। प्रशासनिक क्षेत्रले पनि जनहितमा काम गर्दै गएको अनुभूति होला। हवाइ लगायत सडक दुर्घटना जस्ता विपतिहरू घट्दै जाला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधको प्रकोप नियन्त्रणमा नै रहला। शत्रु निस्तेज होलान।

शैक्षिक समस्याहरू प्रशस्तै देखिनाले शिक्षाको विकाशमा अनेकौं बाधाहरू निम्तेलान। अनावश्यक व्यय भार कटौतिमा दक्षता बढ्दै गए पनि आम्दानीको मार्ग विस्तारिन नसक्ला। मूल्यवान् धातु लगायत सवारी साधन र खाद्यवस्तु महंगिएलान। प्रारम्भतिर सामान्य झरीको प्रधानता। पूर्वतिर अन्यत्र भन्दा शान्ति छाउला।

मासफल मार्गशीर्ष: महीनामा ५ बुध र विहीवार तथा सूर्यसंक्रान्ति बुधवार परेको छ। मार्गकृष्ण मार्गशुक्ल र पौषकृष्णपक्ष **मंसिर** महीनामा पर्दछ। बुधवासरीय संक्रान्तिले नरिवल-सुपारी जस्तावस्तुमा महंगी गराउला। ५वृहस्पतिले धान्यादि खाद्यवस्तुहरू सस्तो बनाउला।

धिमी गतिमा विकास निर्माणको अनुभूति होला। सामाजिक विसंगतिहरू समय सापेक्ष परिमार्जन हुदैं जानाले कु-संस्कारहरू विस्तारै विलिनतातर्फ उन्मुख होला। आँटेको कामले पूर्णता पाउला। व्यापार व्यवसाय र पशु-पंक्षिपालनले प्रगति नै गराउला। खेतीकिसानीमा मध्यम फल प्राप्त होला। तर पनि आर्थिक अवस्था सुदृढ ढङ्गको रहला। शैक्षिक क्षेत्रमा सुयोग्य वातावरण आउला। पापीय मनोवृति निर्मूलता तर्फ उन्मुख होला। धार्मिक अनुष्ठानहरू प्रशस्त मात्रामा भइ रहलान।

प्रशासनिक काम कार्यमा जिम्बेदारीपनको अभाव बढ्ला। सुयोग्य र कर्मठ नेतृत्वको कमिले राजनीतिबाट जनताका आधारभूत आवश्यकता पुरा हुन नसक्ला। पशु-पंक्षिपालन व्यवसायमा आर्थिक मन्दी घट्ने लक्षण देखिदैन। पापीय मनोवृतिले सन्त्राश छाउला। धार्मिक गतिविधिले समाजमा मनमुटावको वातावरण हटाउन मद्दत पुऱ्याउला। खर्चलाई धान्न मुस्किलै पर्ला। शत्रु व्यवधान ल्याउन अग्रसर होलान।

खाद्यान्नहरूमा, मूल्यवानधातु, कपडाहरूमा मूल्य वृद्धिको योग देखिन्छ। मध्यतिर हिउँदे झरीको प्रधानता रहला। प्रायशः पूर्वीय भेग शान्त होला।

मासफल पौष: महीनामा ५ शुक्रवार तथा सूर्य संक्रान्ति भने विहीवार परेको छ। पौषकृष्ण, पौषशुक्ल र माघकृष्णपक्ष **पुस** महीनामा पर्दछ। विहीवासरीय संक्रान्तिले अन्नपातको बजार भाउमा नियन्त्रणको कोसिश गराउला। ५शुक्रवारले अपेक्षित सुख खोज्ने हरूलाई बढी नै लाभान्वित बनाउला।

आँटेको काममा जोश, जाँगर र पराक्रम स्वत:स्फूर्त रुपमा बढनाले मन प्रफूल्ल रहला। रोगव्याध नियन्त्रण सार्थक बन्ला स्वास्थ्य विज्ञानको प्रगतिले। कृषिकार्य समस्या रहित ढङ्गले अघि बढ्ला। पशु-पक्षिंपालन व्यावसायमा पनि सफलता नै हासिल होला। व्यापार व्यवसाय प्रगतिपथमा तल्लिन रहला। व्यर्थको खर्च पनि नियन्त्रणमा आउनाले आर्थिकता मजबुत बन्दै जाला। शिक्षा जगतमा समस्या तेर्सिए पनि दीर्घकालिन उपलब्धि भने हासिल भइ नै रहला। शत्रु निस्तेज बन्दै जालान। दैवी विपतिहरूमा न्यूनताको आभाष पाइन्छ। राजनीतिमा जन भावना अनुरुपका कार्यहरूमा नेताहरू सचेत बन्ने संकेत देखाउलान। प्रशासनमा पनि जनहितका कार्यहरू होलान।

पापीय मनोवृतिले सन्त्राश छाउला सर्वत्र। धार्मिक क्रियाकलापले समाजमा मनमुटावको वातावरण निर्मूल बनाउन नसक्ला। आम्दानी बलियो देखिए पनि व्यर्थ खर्चलाई नियन्त्रण गर्न नसक्दा सन्तोष नहोला। खाद्य वस्तु, लत्ता-कपडा, बहुमूल्यधातु महंगिएलान नै।

वर्षातको प्रवलता मध्यतिर भए पनि अरु बेलामा भने घमाइलो वातावरण बन्ला। अन्यत्र भन्दा दक्षिण भेग अलि अशान्त देखिएला।

मासफल माघ: महीनामा ५ शनिवार तथा सूर्य संक्रान्ति पनि शनिवारै परेको छ। माघकृष्ण, माघशुक्ल र फाल्गुनकृष्णपक्ष **माघ** महीनामा पर्दछ। शनिवारीय संक्रान्तिले सर्वत्र भयको वातावरण र शासकवर्गलाई अनिष्ठको प्रवलता। ५ शनिले सर्वत्र महंगी ल्याउला।

सामाजिक संरचना सर्वमान्य किसिमबाट अघि बढ्ला। पापक्रमहरू निरुत्साहित बन्दै जाला। धर्म कर्म प्रतिको अभिरुचि सर्वत्र झाङ्गिएला। शत्रु परास्त हुँदै जालान। रोगव्याध नियन्त्रणमा स्वास्थ्य विज्ञानको प्रगतिले फड्को मार्ला। शिक्षाको क्षेत्रमा असोचनिय उन्नति होला। दैवी विपतिहरूमा न्यूनताको आभाष पाइएला। व्यापार व्यवसाय तथा कृषिजन्यकार्य, पशु-पंक्षिपालनको व्यवसायबाट आर्थिक सन्तुलन सुदृढ बन्दै जाला। राजनीतिबाट नेतृत्वशक्तिमा उत्तर दायित्वको भावना जागृत हुदै जाला। प्रशासनिक कार्यबाट पनि जनहितमा तत्परता आउला।

सडक दुर्घटना लगायत दैवी विपतिहरूको प्रवलता नभएको होइन। शारिरीक र मानसिक तन्दुरुस्तको अभावलेगर्न लागेको कामले पूर्णता पाउन नसक्ला। आम्दानीको स्रोत धेरै नदेखिनाले आर्थिक अवस्था त्यति सुदृढ नबन्ला। रसवस्तु, बहुमूल्यधातु, मसाला जन्य पदार्थ, मुख्य खाद्यान्नहरूमा महंगी बढ्ला। लत्ता-कपडाहरू पनि सस्तो हुने अवस्था देखिदैन। शितलहर तथा हिमपातले कहिं कतै बढी नै अक्रान्त पार्ला। मध्यतिर सामान्य झरीको प्रधानता रहें पनि अन्य बेला भने घमाइलो होला। दक्षिणतिर अन्यत्रको भन्दा असुविस्ता बढ्ला।

मासफल फाल्गुन: महीनामा ५ आइत, सोम वार र सूर्यसंक्रान्ति भने शनिवार परेको छ। फाल्गुन कृष्ण, फाल्गुनशुक्ल र चैत्रकृष्णपक्ष **फागुन** महीनामा पर्दछ। शनिवासरीय संक्रान्तिले सर्वत्र सुखशान्तिको वातावरण ल्याउला। ५आइतले रौगव्याधको प्रकोप र ५ सोमले भने खाद्यवस्तुमा समर्धता ल्याउला।

जोश र जाँगरको वृद्धिले इच्छितकार्यले पूर्णता पाउला। पराक्रम पनि प्रशस्तै बढ्ला। सामाजिक विसंगतिहरू हटदै जाला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधको प्रकोप नियन्त्रणमा आउला। पशु-पंक्षिको व्यवसाय लाभदायी सावित होला। खेतीपाती लगायत कार्यमा मार्ग विस्तारिएला। अनावश्यक खर्चलाई नियन्त्रितगर्ने क्षमता बढे पनि आर्थिक सन्तुलन सामान्य अवस्थाको होला। सवारी दुर्घटना लगायत दैवीय विपतिमा न्यूनता छाउला। धर्मकर्मको क्षेत्रमा साघु-रोपना बाक्लिदै जानाले आपसी भाइचारामा खल्बलि नमिच्चिएला पनि भन्न सकिदैन।

नेताहरूमा स्वार्थी भावनाको विकासले जनहित अनुकूल बन्न सक्ला। प्रशासनिक कामले जनतामा उचितता प्रदान गर्दै जाला। व्यापार व्यवसायले उत्कृष्ठता प्रदान गराउला। खाद्यवस्तुहरू, बहुमूल्य धातु, मसालाजन्य पदार्थ, गुलियावस्तु आदिमा महंगी भार बढ्ला।

प्राय: जसो समयमा न्यानो वातावरण देखिए पनि महीनाको अन्त्यमा मेघ बादल दर्शन सहित क्षणिक वर्षातको प्रवलता। पश्चिम, उत्तर र दक्षिणमा विग्रह र पूर्वीय भेग शान्तदायी रहला।

मासफल चैत्र: महीनामा ५ मङ्गल, बुध, विहीवार र सूर्यसंक्रान्ति मङ्गलवार परेको छ। चैत्रकृष्ण, चैत्रशुक्ल र वैशाखकृष्णपक्ष **चैत** महीनामा पर्दछ। भौमवासरीय संक्रान्ति र ५ बुधले सुनको व्यावसायमा उच्चता ल्याउला। ५ मङ्गलले महाभय र ५ विहीले धान्यवस्तुको भाउमा न्यूनीकरण गराउला।

खेतिपाती लगायत पशु-पंक्षिपालन व्यावसाय फष्टाउदै जाला। अन्य व्यापार व्यावसाय पनि मनग्यै फाइदा हुने अवसर आउला। आम्दानीको मार्ग विस्तार हुँदै जादाँ सबैको उन्नति होला। ज्ञानार्जनमा ध्यान केन्द्रित रहनाले शैक्षिक जगत सुधारोन्मुख गतिमा अग्रसर होला। विभिन्न किसिमका दुर्घटना लगायतका दैवीय विपतिहरूमा न्यूनताको आभाष पाइएला। पापीय मनोवृति निरुत्साहित बन्दै जाला। धार्मिक कार्यक्रमहरूले समाज बढी नै सुशोभित हुदै जानाले धर्मभिरुहरू लाभान्वित होलान।

सामाजिक विसंगतिहरूले प्रश्रय नपाउला भन्न सकिदैन। अनावश्यक व्ययभार नियन्त्रणमा आउन कठिनाइ नै पर्ला। शत्रु सल्बलाएर प्रताडित नपार्लान भन्न सकिदैन। रोगव्याधको प्रकोपले सबैलाई ग्रस्त पार्ला। आफ्नै अडानमा अडिग नेताहरू जनहितार्थ प्रस्तुत हुन नसक्दा राष्ट्रिय राजनीति त्यति अनुकूल नहोला। प्रशासनतर्फ पनि वाधा नै आउला। बहुमूल्य धातु, खाद्यान्न, मिठाइजन्यवस्तुमा महंगी बढ्ला।

प्रायश: धमाइलो वातावरण देखिए पनि मध्यतिर भने हल्का बादल सहित वायु-बतास आदिको प्रवलता। उत्तर र दक्षिणतिर अलि अशान्ति छाउला।

अथ संवत्सर फलम्

श्री गणेशाय नमः

स जयति सिन्धूर वदनो देवोयत् पादपङ्कज स्मरणं। वासर मणि रिवतमसांराशिन्ना शयति विघ्नानां ॥ अचिन्त्या व्यक्तरूपाय निर्गुणाय गुणात्मने ॥ समस्त जगदाधार मूर्त्तये ब्रम्हणे नमः ॥ यः श्रृणोति मधु शुक्ल पक्षतौ वर्षनाथ सचिवादिजं फलं ॥ प्राप्युयाद् दुरित मुक्त विग्रहश्चाय रर्थमतुलं यशः सुखम् ॥ अत्रः हि षष्ठचब्दानां मध्ये वार्हस्पत्यमानेन कीलकनामकः संवत्सरो गतः सौम्यनामकःसंवत्सर प्राप्तः ॥ मेषार्कात्प्राग्भुक्तमासादयः ११।२१।३६।० भोग्य मासादयः ०।८।२४।० अतः परं साधारणनामकः संवत्सर भविष्यति ॥

अथ संवत्सरः फलम्

सौम्याब्दे निखिलालोका वहुसस्यार्धवृष्टिभि ।
विवैरिणो धराधीशाः विप्राश्चाब्वरतत्पराः ॥
साधारणाब्दे वृष्टयर्ध भयं साधारणं स्मृतम् ।
विवैरिणोधराधीशाः प्रजाः स्युः स्वच्थचेतसः ॥

अथ गुरोरस्तोदय फलम्

फाल्गुनाब्दे चोरभितिः स्त्रीणां दुर्भगता भृशं ।
क्वचिद्वृष्टिः क्वचित्सस्यं क्वचिद्भीमतिः क्वचित् ॥

अथ राजाः शुक्रस्तस्य फलम् (चैत्रशुक्ल १ वार)

यवगोधूम शालीक्षुफलं पूण्यार्धवृष्टिभिः ।
संपूर्णानिखिलाधात्री भृगुपुत्रस्य वत्सरे ॥

अथ मन्त्री वुधस्तस्य फलम् (मेषेऽर्कको वार)

मन्त्रिणी शशांक तनये प्रभूतवायुर्ति रतरंवाति ।
मध्यमफलदा धरणी विभाति सुरसश्च लोकैश्च ॥

अथ धान्येशोगुरुस्तस्य फलम् (धनुष्यर्कको वार)

धान्येशे देवपूज्येस्या दान्मायस्य प्रवर्तनम् ।
वृष्टिः स्यान्महती धान्यं प्रचूरं शुलभ तथा ॥

अथ मेघेशोबुधस्तस्य फलम् (आर्द्रामा सूर्य प्रवेशको वार)

सौम्येमेघ स्वामिनी वृष्टिर्वहुला जनानन्दः ।
लिपिलेख्य काव्यगणित विदभिवृद्धिः सस्यसम्पदपि ॥

अथ रसेश चन्द्रस्तस्य फलम् (तुलायामर्कको वार)

इक्षुविकारं त्यखिलं क्षीरविकारं सर्व तैलानि ।
गन्धयुतानिच सर्वाण्यति सुलभानि चन्द्रे रसाधिपेच॥

अथ सस्येशः शनिस्तस्य फलम् (कर्कटेऽर्कको वार)

मध्यम सस्यक्षितितलमिन तनये सस्यपेच राजभयं ।
कोद्रवकुलित्थ चणाकैमषैर्भूङ्गैश्च वीरःलतरम् ॥

अथ नीरसेशः शनिस्तस्य फलम् (मकरेऽर्कको वार)

अथः पिडादि लोहानां वलवर्णादिवस्तूनां ।
अर्धवृद्धिः प्रजायते मंदेनीरसनायके ॥

अथ फलेश भौमस्तस्य फलम् (मीनेऽर्कको वार)

यदिविधुः फलपोद्रुमराशयः फलयुतावलिभिः कुसुमैर्युता ।
द्विजमुखावरभोग समन्विता नुपतयोनयनाटनतत्परा: ॥

अथ धनेशः शनिस्तस्य फलम् (कन्यायामर्कको वार)

सुमनसांचगुरुद्रविणाधिपोवणिजवृतिपरा: सुखभाजनाः ।
फलितपुष्पितभूमिरुहाः सदाविविधद्रव्ययुताभुविमानवाः ॥

अथ दुर्गेशोबुधस्तस्य फलम् (सिंहेऽर्कको वार)

गढपतिःशशलाञ्छनकोयदा नृपसुराज्यविलासितपौरजाः ।
वहुधनेक्षुजगोरसभोगिनो नखरा वरवर्णितविग्रहाः ॥

अथ आर्द्राप्रवेश तिथ्यादि (आषाढकृष्ण २)

द्वितीयत्सस्यवृद्धिः स्यात् ॥

अथ वार वुधस्तस्यफलम् बुधे क्षेमं सुभिक्षंच ॥

अथ नक्षत्रस्य (पूषायां) पूषायां स्याद्विश्यस्य ॥

अथ योगस्य (ब्रम्ह) ब्रम्हा मध्यमफलवृष्टि ॥

अथ बेला(दिवा)फलम् दिवार्द्रा सस्य नाशाय ॥

अथ नवमेघानां (नील) नीलः क्षिप्रंप्रवर्षति ॥

अथ चतुर्मेघेश (आवर्त) आर्वतेछिन्न वृष्टिस्यात् ॥

अथ द्वादशनागानां (अश्वातर) जायतेश्वतरे स्वल्पं सर्व संस्यचनश्यति ॥ **अथ अष्टनागेशः** कुलीरः ॥

अथ सप्तवातप वायुः ॥ **अथ रोहिणी चक्रम् (पर्वते पतति)** गिरौसन्ध्यौ खण्डवृष्टिरित्याहु पूर्वसूरयः ॥

अथ जलाढक संख्याः ९६, समुद्रेः ४८, पर्वते २८.८, भूमौ १९.२, वर्षादीना विंशोपकाः वर्षाः१३, धान्यं १५, तृणं ७, शीतं ७, तेजः१७, वायुः१३, वृद्धिः१५, क्षयः१५, विग्रहः११, क्षुधाः९, तृषाः११, निन्द्राः५, आलस्यं ७, उद्यमं १३, शान्तिः१५, क्रोधः१३, दम्भः५, लोभः३, मैथुनं १५, रसनिष्पत्तिः९, फलनिष्पत्तिः१३, उत्साहः११, उग्रं १३, पापं १३, पुण्यं १, व्याधिः१७, तन्नाशः१५, आचारः१५, अनाचारः३, मृत्युः१७, जन्मः९, देशोपद्रवः१५, तन्नाशः३, चौरभीः९, तन्नाशः१, अग्निभीः१५, तन्नाशः१, उद्भिजाः७, जरायुजाः३, अण्डजाः१३, स्वेदेजाः९, शलभाः९, मुषकाः५, शुकाः१३, हेमं १३, ताम्रं १५, स्वचक्रं १७, परचक्रं ५ इति संक्षिप्त वर्षा फलम् ॥

२०७३ सालको अढैया तथा साँढेसाती दशा विवरण

यसवर्ष शनिदेव फाल्गुन ५ गतेसम्म वृश्चिकमा भ्रमण गर्ने भएकाले सो अवधिमा सिंह र मेषलाई अढैया दशा तथा तुलालाई अन्त्य, वृश्चिकलाई मध्य र धनुलाई शनिको आद्य साँढेसाती दशा लाग्नेछ । त्यसपछि वर्षान्तसम्म धनुराशिमा शनि जाने भएकोले कन्या र वृष राशिलाई अढैया शनिको दशा लाग्दछ भने वृश्चिकलाई अन्त्य, धनुलाई मध्य र मकरलाई शनिको आद्य साँढेसाती दशा लाग्नेछ ।

यसकोफलः जन्मको शनि असल भएमा आकस्मि लाभ, कार्यसिद्धि, मानप्रतिष्ठा-आर्थिकतामा क्रमि सुधार, शारीरिक व्याधिवाट मुक्ति, लक्षित लक्ष्य प्राप्ति र मान्यजनको सहानुभूति मिल्नेछ । तर प शनि विशेष गरी दुःखदायी ग्रह भएकोले अपव्य दुःख, कार्यमा विलम्वता, मान प्रतिष्ठामा आघा मानसिक अशान्ति, पदोन्नतिमा अवरोध, पशु चौपाया हानि-नोक्सानी गराउने हुँदा पूर्वोक्त राशिह व्यक्तिहरूले शनिको जप पुजा-पाठगर्नाले सुखसन्त हुन्छ भन्ने धारणा छ ।

साढेसातीदशा हुनेले शनिको पाठगर्दा भन्ने मन्त्र

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोस्तु ते ।
नमस्ते विभुरूपाय कृष्णाय च नमोस्तु ते ॥
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो ॥
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोस्तु ते ।
प्रसाद कुरु देवेश दीनस्य प्रणतस्य च ॥

पीपलमा जल चढाउँदा भन्ने मन्त्रः

मूलतो ब्रम्हरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः ॥

पीपललाई प्राथना गर्ने मन्त्रः

अश्वत्थयस्मिन्वयि वृक्षराजः नारायणतिष्ठति सर्वकाल अतः श्रुतस्त्वं सततंतरुणां धन्योऽसि चारिष्ट विनाशकोऽ कोणोऽन्तको रौद्रयमोऽथवभ्रुः कृष्णःशनिः पिंगल मन्दसं नित्यस्मृतो यो हरते च पीडा तस्मै नमः श्रीरविनन्दना

यसै कसै सवै छ विधिविधान पाचा छ सवाइको
धन्यै तोयनाथ पन्त कुलको दियो र पच्चाइ यो
आए जस्ता जतिसुकै वाधाहरू गर्दै जानु सामना
सुन्दरपश्चिम र स्वय मेरो पति छ शुभकामना ॥
नरेश अक्स्यी 'अल्पविराम' - दुर्गामाण्डौ-८ चन्केसैन 'पलेटा' डोटी, सेती अ

मेषः
चु चे चो ला लि लु ले लो अ
ARIES

मेषः राशिलाई २०७३ फाल्गुन ५गतेसम्म शनिको अढैयाले अशुभ क्षण आए पनि अन्यग्रहको अनुकूलताले धेरै दुःखद क्षण आउला जस्तो लाग्दैन ।

बौद्धिकतामा कमजोरी आउनाले पठन पाठनमा अरुचि पैदा हुँदा परीक्षा र प्रतियोगिताहरूमा सोजे झैं सफल हुन मुस्किलै होला । सन्तानहरूबाट सुख पाउन कठिनै होला । पशु-पंक्षिपालन तथा जग्गा जमिनको व्यवसाय लाभदायी बन्न नसक्ला । दुर्घटना लगायतका दैवी विपतिहरूको संभाव्यतामा कमि हुने छाट् देखिदैन ।

खर्चलाई आम्दानीले भरथेक पुऱ्याइ नै रहला । व्यापार व्यवसायबाट जीवनस्तर सुध्रिएला । वाणीको प्रभावकारीताले भाग्यशक्ति मजबुत बन्दै बनाउला । आमाबाबु तथा दाजुभाइ दिदीबहिनीको सद्भाव अटुट रुपमा प्राप्त भइरहला । पतिपत्नी बीचको मधुरताले दाम्पत्य जीवन सुखद बन्ला । इष्टमित्र पनि सहयोगी होलान । नोकरीबाट स्यावासी पाइने योग देखिन्छ । वैदेशिक रोजगारमा पनि फाइदै होला । राजनीतिमा ख्याति योग्य काम भइदिनाले सर्वत्र खुशीयालीको वातावरण छाउला । रोगव्याध प्रकोप नियन्त्रणमा स्वास्थ्य विज्ञानको क्षेत्रमा हुने प्रगतिले सकारात्मक स्थिति निम्त्याउला । सबै समय अनुकूल बन्ला ।

(स्वामीः मङ्गल, रत्नः मुगा, शुभरंगः रातो)

वृषः
इ उ ए ओ वा वि वु वे वो
TAURUS

वृषः राशिलाई २०७३ फाल्गुन ५गतेदेखि अढैया शनिको दशाले केही नराम्रो अवस्थाको प्रवलता भए पनि ठुलो दुर्घटना भने न होला ।

भाग्यशक्ति निक्कै उर्वर ढङ्गको रहनाले दैवीय विपत्तिहरूमा न्यूनता छाउला । बौद्धिकताको वृद्धिले पढाई लेखाइमा उच्चता हासिल गराउला । पापक्रम प्रतिको उदण्ड भावना निवृत्तकरण हुदै जाला । धर्म कर्म प्रतिको जागरणले अनेकौं तीर्थाटनको अवसर निम्तेला । जग्गा जमिनको व्यवसायले आर्थिक अभाव निस्क्रिय पार्ला । रोगव्याधको प्रकोप नियन्त्रणमा आउला । शत्रुमाथि विजयी भइएला । अनावश्यक व्ययभार नियन्त्रणमा आउनाले मन प्रशन्न होला । वाणी प्रभावशाली बन्दै जानाले महत्वपूर्ण काममा प्रगति होला । दाजुभाइ दिदीबहिनीको शुभेच्छा अटल रहला । सन्तानबाट प्रयाप्त सुखानुभूति होला ।

आमाबाबुको आशिर्वादमा कमि होला । दाम्पत्य जीवनमा आउने तिक्तताले मनमा निराशा छाउला । नोकरीमा खटपट र राजनीतिमा उल्लेख्य सफलता नमिल्ला । कृर्षिजन्य र पशु-पंक्षीपालनको व्यवसायले जीवन संचालनमा खासै सहयोग पुऱ्याउन नसक्ला । व्यापारले आर्थिक संकट निराकरण नहोला । वैदेशिक रोजगारीले सन्तोष दिन नसक्ला ।

(स्वामीः शुक्र, रत्नः हीरा, शुभरंगः सेतो)

मिथुनः
क कि कु घ ङ(ग) छ के को ह
GEMINI

मिथुनः राशिलाई यस (२०७३) वर्ष समान रुपमा सुखदुःख भोग्नुपर्ने अवस्थाको सृजना गराउला ग्रह स्थिति अनुसार ।

वाणीको मधुरताले महत्वपूर्ण काममा सफलता पाएइला । आमाबाबुको आशिर्वाद अटुट रुपमा प्राप्त भइरहला । इष्टमित्रको सद्भाव पनि कायमै होला । दाम्पत्य जीवन प्रेममय वातावरणमा हुर्कदै जालाने पतिपत्नी बीचको सम्बन्ध असाध्यै सुमधुर बन्ला । सवारी दुर्घटना लगायतका दैवी विपत्तिहरूमा न्यूनता नै छाउला । मौसमी बाहेक सामान्य रोगव्याधको प्रकोपमा नियन्त्रणशीलता बढ्ला । नोकरीमा ख्याति बढ्ने कार्यहरू हुँदै जालान । राजनैतिक गतिविधिमा आफ्नो योग्यताको प्रर्दशनले प्रशस्तै फाइदा होला । व्यापार व्यवसाय लगायत पशु-पक्षिपालनबाट आर्थिक सम्वृद्धि हुँदै जाला । जग्गा जमिनबाट पनि उन्नति नै होला । वैदेशिक रोजगारबाट सामान्य स्थिति । अनावश्यक व्ययभार नियन्त्रणमा आउला । शत्रुहरू परास्त होलान ।

भाग्यशक्ति खस्कदै गएको अनुभूतिले धार्मिक आस्था क्रमशः घट्दै जाला । पापीय मनोभावनाले मनमा डेरा जमाउला । बौद्धिकतामा आउने ह्रासले परीक्षा प्रतियोगिताहरू सफल बन्न नसक्ला ।

(स्वामीः बुध, रत्नः पन्ना, शुभरंगः हरियो)

कर्कटः
हि हु हे हो डा डि डु डे डो
CANCER

कर्कटः राशिलाई यस (२०७३) वर्ष सामान्य ढङ्ग बाट गुज्रीएला । शुभाशुभ सबै प्रकारको घटनाहरूले जीवन संचालित हुँदै जाला ।

१११।५।२४।१५।३	७।२९।२३।१५।५	०।११।४८।५।१९	१११।१८।३।४।१०	५।२८।३।०।३।२	१११।५।१९।१८	८।११।३४।५६	४।७।१८।५२	उ.०।४	७	सोम	+८।३०
१११।६।२४।२९	८।११९।२३।०।४१	०।१२।३१।४।२	१११।२०।१।५६	५।२८।२३।४।०	१११।४।३९।५७	८।११।३६।२६	४।७।१५।४१	उ.०।२०	८	मङ्गल	+८।१२
१११।७।२।४।३	८।११।३।०।४।३०	०।१३।१४।३०	१११।२१।२७।४५	५।२८।१६।४।२	१११।४।१०।५१	८।११।३७।४९	४।७।१३।०।२	उ.०।४४	९	बुध	+७।५५
१११।८।२३।३५	९।६।११।६	०।१३।५।७।१६	१११।२२।५।१।८	५।२८।९।३९	१११।३।२२।१९	८।११।३९।७	४।७९।२०	उ.१।८	१०	बिही	+७।३७
१११।९।२३।४	९।१८।४९।४३	०।१४।३९।६०	१११।२४।१।२४	५।२८।२।२९	१११।२।४।३।४	८।११।४०।१८	४।७।६।९	उ.१।३९	११	शुक्र	+७।१९
१११।१०।२२।३२	१०।१।४।२।५३	०।१५।२२।४२	१११।२५।३०।५३	५।२८।७।५।१५	१११।२।७।५।२	८।११।४१।२२	४।७।२।५८	उ.१।५५	१२	शनि	+७।१
१११।११।२१।५७	१०।१४।५१।२७	०।१६।५।२१	१११।२६।४६।३३	५।२७।४।७।५५	१११।१।३।२।५	८।११।४२।२०	४।६।५९।४७	उ.२।१८	१३	आइत	+६।४३
१११।१२।२१।१९	१०।१८।४।५।२९	०।१६।४७।५८	१११।२७।५९।१२	५।२७।४०।३१	१११।०।५।८।२८	८।११।४३।१२	४।६।५।६।३६	उ.२।४२	१४	सोम	+६।२५
१११।१३।२०।४०	१११।११।५।४१।७	०।१७।३।०।३३	१११।२९।८।३७	५।२७।३३।२	१११।०।२६।१२	८।११।४३।५८	४।६।५।३।२६	उ.३।५	१५	मङ्गल	+६।७
१११।४।१९।५८	१११।२५।४६।२५	०।१८।१३।६	०।१०।१४।३३	५।२७।२५।३०	१०।२९।५५।१।४८	८।११।४४।३७	४।६।५०।१५	उ.३।२९	१६	बुध	+५।४९
१११।५।१९।१।४	०।९।४९।४८	०।१८।१५।५।३७	०।११।६।४६	५।२७।१७।५३	१०।२९।२७।२४	८।११।४५।१७	४।६।४७।४	उ.३।५२	१७	बिही	+५।३१
१११।६।१८।२८	०।१९।१।४।५	०।१९।२।८।१५	०।२।१४।६०	५।२७।१०।१३	१०।२९।११८	८।११।४५।१६	४।६।४३।५३	उ.४।१५	१८	शुक्र	+५।१३
१११।७।१७।४०	०।१८।१९।९	०।२०।२०।३१	०।३।८।५।९	५।२७।२।२०	१०।२८।३७।८	८।११।४५।१६	४।६।४०।४२	उ.४।३९	१९	शनि	+४।५५
१११।८।१६।४९	९।२२।३८।३१	०।२१।२।१५।५	०।३।१५।८।२८	५।२६।१५।४।४५	१०।२८।१५।२९	८।११।४६।१०	४।६।३७।३२	उ.५।१२	२०	आइत	+४।३७
१११।९।१५।१८	२।६।५।१।८	०।२१।४५।१७	०।४।४।७	५।२६।४६।१६	१०।२७।५६।१५	८।११।४६।१७	४।६।३४।२९	उ.५।२५	२१	सोम	+४।२०
१११।२०।१५।१	२।२१।७।३२	०।२२।२७।३६	०।५।२२।४१	५।२६।३९।१६	१०।२७।३९।३०	८।११।४६।१०	४।६।३१।१०	उ.५।४८	२२	मङ्गल	+४।२
१११।२१।१४।३	३।५।१०।३५	०।२३।१५।३	०।५।१५।५१	५।२६।३१।१४	१०।२७।२५।१६	८।११।४६।१२	४।६।२७।५९	उ.६।१०	२३	बुध	+३।४५
१११।२२।१३।४	३।१९।२।२०	०।२३।५।२८	०।६।१२।५।२१	५।२६।२३।२१	१०।२७।१३।२३	८।११।४६।१०	४।६।२४।४८	उ.६।३३	२४	बिही	+३।२८
१११।२३।१२।२	४।२।४०।४१	०।२४।३।४।२१	०।६।४७।५५	५।२६।१५।२६	१०।२७।४।२२	८।११।४५।४२	४।६।२१।३८	उ.६।५६	२५	शुक्र	+३।११
१११।२४।१०।५७	४।१६।४।१५	०।२५।१६।३२	०।७।४।१८	५।२६।७।३१	१०।२६।५७।४३	८।११।४५।१७	४।६।१८।२७	उ.७।१८	२६	शनि	+२।५४
१११।२५।९।५९	४।२९।१।२।२०	०।२५।५८।४०	०।७।१४।१८	५।२५।५९।३६	१०।२६।५१।३५	८।११।४४।६	४।६।१५।१६	उ.७।४०	२७	आइत	+२।३८
१११।२६।८।४२	५।१३।१२	०।२६।४०।४६	०।७।१४।७४५	५।२५।१५।१४०	१०।२६।१५।१५५	८।११।४३।८	४।६।१२।५	उ.८।३	२८	सोम	+२।२९
१११।२७।७।३१	५।२८।४।३।१३	०।२६।४।४६	०।७।१४।३५	५।२५।५३।४०	१०।२६।४।१।४	८।११।४३।२५	४।६।१।५४	उ.८।२५	२९	मङ्गल	+२।५
१११।२७।७।३१	५।२४।४३।१३	०।२७।२२।५०	०।७।१४।३५	५।२५।४३।४४	१०।२६।२।४।२	८।११।४३।२५	४।६।०।५४	उ.८।४७	३०	बुध	+१।५०
१११।२८।६।१८	६।७८।२८	०।२८।४।५१	०।७।१४।४६	५।२५।३५।४९	१०।२६।१५।५।२	८।११।४२।३४	४।६।१।४४	उ.९।८	३१	बिही	+१।३४
१११।२९।५।१३	६।१९।२३।१	०।२८।४।६।५१	०।६।४८।२५	५।२५।२।७।५४	१०।२६।७।१।३	८।११।४१।३८	४।६।१।३३	उ.९।३८	१	शुक्र	+१।१९
०।१०।३।४६	७।१।२९।३६	०।२९।२८।४८	०।६।१२।५।४४	५।२५।१९।५८	१०।२६।७।१२	८।११।४०।३५	४।५।५९।१२	उ.९।३०	१	शुक्र	+१।१९

दैनिक लग्न आरम्भ तालिका बजे (घण्टा मिनेट) मा

मीन	मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या	तुला	वृश्चिक	धनु	मकर	कुम्भ
६।१८	७।४४	९।२०	११।१७	१३।२१	१५।५१	१८।७	२०।२२	२२।४१	०।५९	३।३	४।४६
६।१०	७।४०	९।१६	११।१३	१३।२७	१५।४७	१८।३	२०।१८	२२।३७	०।५५	२।५९	४।४२
६।७	७।३६	९।१३	११।९	१३।२३	१५।४३	१७।५९	२०।१५	२२।३३	०।५१	२।५५	४।३८
६।३	७।३२	९।९	११।५	१३।१९	१५।३९	१७।५५	२०।११	२२।२९	०।४७	२।५१	४।३४
५।५९	७।२९	९।५	११।१	१३।१५	१५।३५	१७।५१	२०।७	२२।२५	०।४३	२।४७	४।३०
५।५५	७।२५	९।१	१०।५७	१३।११	१५।३१	१७।४७	२०।३	२२।२१	०।३९	२।४३	४।२६
५।५१	७।२१	८।५७	१०।५३	१३।७	१५।२७	१७।४४	१९।५९	२२।१७	०।३५	२।३९	४।२२
५।४७	७।१७	८।५३	१०।४९	१३।४	१५।२३	१७।४०	१९।५५	२२।१३	०।३१	२।३५	४।१८
५।४३	७।१३	८।४९	१०।४५	१३।०	१५।१९	१७।३६	१९।५१	२२।९	०।२७	२।३१	४।१४
५।३९	७।९	८।४५	१०।४१	१२।५६	१५।१५	१७।३२	१९।४७	२२।६	०।२४	२।२८	४।११
५।३५	७।५	८।४१	१०।३७	१२।५२	१५।११	१७।२८	१९।४३	२२।२	०।२०	२।२४	४।७
५।३१	७।१	८।३७	१०।३३	१२।४८	१५।८	१७।२४	१९।३९	२१।५८	०।१६	२।२०	४।३
५।२७	६।५७	८।३३	१०।२९	१२।४४	१५।४	१७।२०	१९।३५	२१।५४	०।१२	२।१६	३।५९
५।२३	६।५३	८।२९	१०।२५	१२।४०	१५।०	१७।१६	१९।३१	२१।५०	०।८	२।१२	३।५५
५।१९	६।४९	८।२५	१०।२१	१२।३६	१४।५६	१७।१२	१९।२७	२१।४६	०।४	२।८	३।५१
५।१५	६।४५	८।२१	१०।१८	१२।३२	१४।५२	१७।८	१९।२३	२१।४२	२।४०	२।४	३।४७
५।१२	६।४१	८।१८	१०।१४	१२।२८	१४।४८	१७।४	१९।२०	२१।३८	२३।५६	२।०	३।४३
५।८	६।३७	८।१४	१०।१०	१२।२४	१४।४४	१७।०	१९।१६	२१।३४	२३।५२	१।५६	३।३९
५।४	६।३४	८।१०	१०।६	१२।२०	१४।४०	१६।५६	१९।१२	२१।३०	२३।४८	१।५२	३।३५
५।०	६।३०	८।६	१०।२	१२।१६	१४।३६	१६।५२	१९।८	२१।२६	२३।४४	१।४८	३।३१
४।५६	६।२६	८।२	९।५८	१२।१२	१४।३२	१६।४९	१९।४	२१।२२	२३।४०	१।४४	३।२७
४।५२	६।२२	७।५८	९।५४	१२।८	१४।२८	१६।४५	१९।०	२१।१८	२३।३६	१।४०	३।२३
४।४८	६।१८	७।५४	९।५०	१२।५	१४।२४	१६।४१	१८।५६	२१।१४	२३।३२	१।३६	३।२०
४।४४	६।१४	७।५०	९।४६	१२।१	१४।२०	१६।३७	१८।५२	२१।११	२३।२८	१।३३	३।१६
४।४०	६।१०	७।४६	९।४२	११।५७	१४।१६	१६।३३	१८।४८	२१।७	२३।२५	१।२९	३।१२
४।३६	६।६	७।४२	९।३८	११।५३	१४।१२	१६।२९	१८।४४	२१।३	२३।२१	१।२५	३।८
४।३२	६।२	७।३८	९।३४	११।४९	१४।८	१६।२५	१८।४०	२०।५९	२३।१७	१।२१	३।४
४।२८	५।५८	७।३४	९।३०	११।४५	१४।५	१६।२१	१८।३६	२०।५५	२३।१३	१।१७	३।०
४।२४	५।५४	७।३०	९।२६	११।४१	१४।१	१६।१७	१८।३२	२०।५१	२३।९	१।१३	२।५६
४।२०	५।५०	७।२६	९।२२	११।३७	१३।५७	१६।१३	१८।२८	२०।४७	२३।५	१।९	२।५२
४।१६	५।४६	७।२२	९।१९	११।३३	१३।५३	१६।९	१८।२४	२०।४३	२३।१	१।५	२।४८
४।१२	५।४२	७।१८	९।१५	११।२९	१३।४९	१६।५	१८।२१	२०।३९	२२।५७	१।१	२।४४

चैत्र १ गते मीनलग्नको आरम्भ भोलिपल्टको (चैत्र २ गतेको) सूर्योदय अगाडि ६।१४ बजे दोस्रो पटक पनि हुन्छ।

सपना फल विचार

स्वप्न-फलको सम्बन्धमा निम्न कुरा संझनु पर्दछ।

१) राति ३ बजेदेखि सूर्योदयपूर्वको सपना ७ दिनमा फलप्रद।
२) मध्यरात्रिको सपना एक महिनामा फलप्राप्ति।
३) मध्यरात्रिको भन्दा पहिलेको सपना एकवर्षमा।
४) दिनमा देखेको सपना महत्वहिन हुन्छ।
५) एकरातमा धेरै सपना देखिएमा अन्तिम नै फलप्रद हुन्छ।
६) अस्वस्थ र असंयमीको सपना व्यर्थ हुन्छ।

सपना	फल
अनार खाएको देखेमा	धन र सन्तानको प्राप्ति।
अलि अलि बादल देखेमा	रोगबाट लाभ।
ऊँट देखेमा	अपार धन प्राप्ति हुनु।
आकाश देखेमा	ऐश्वर्य वृद्धि, सन्तान हुनु।
आगो उठाएको देखेमा	अवैध धन प्राप्ति।
आगो बालेर समातेमा	कष्ट हुनु, व्यर्थव्यय हुनु।
ओछ्यान लाएको देखेमा	दीर्घायु र सुख वृद्धि।
ओढ्ने कम्बल देखेमा	बदनाम हुनु।
औंठी लाएको देखेमा	धनलाभ र प्रशन्नता।
कलम देखेमा	महान व्यक्तिसँग भेट हुनु।
कपाल देखेमा	धनलाभ हुनु।
कपास देखेमा	रोगबाट मुक्त हुनु।
कपाल कोरेको देखेमा	ऋणबाट मुक्त, स्त्री-पुत्र हुनु।
किला ठोकेको देखमा	बुढो मान्छेबाट लाभ।
कोइला देखेमा	व्यर्थमा झगडा हुनु।
कुबामा नुहाएको देखेमा	सन्यासी बन्नु।
कुबाको पानी देखेमा	विविध लाभ र विजय।
कैंची देखेमा	झगडा र विवाद बढ्नु।
घर बनाएको देखेमा	प्रसिद्धि प्राप्त गर्नु।
घाम लागेको देखेमा	पदोन्नति वा लाभ हुनु।
घाँसको मैदान देखेमा	धेरै धन एकत्र गर्नु।
घोडा देखेमा	संकट नाश हुनु।
घोडा चडेको देखेमा	ठूलो पद पाउनु।
चश्मा लगाएको देखेमा	विद्वता बढ्नु।
जंगल देखेमा	दुःख नाश र विजय।
जहाज देखेमा	परेशानी हट्नु र व्यय।
चाँदी देखेमा वा पाएमा	धन र अहंकार वृद्धि।
झरना देखेमा	दुःख दुर हुनु।
टोपी देखेमा	दुःख नाश भएर, उन्नति हुनु।
ठूलो पर्खाल देखेमा	सम्मान बढ्नु।
डोरी देखेमा	यात्रामा परेशानी र झन्झट हुनु।
ढोका देखेमा	ठूलो बडासँग मित्रता हुनु।
ढोकाबन्द देखेमा	परेशानी र चिन्ता हुनु।
दलदल देखेमा	सन्तान प्राप्ति हुनु।
दाँत भाँच्चिएको देखेमा	दुःख र झन्झट हुनु।
दाँत माझेको देखेमा	पापको प्रायश्चित हुनु।
धनुष तानेको देखेमा	लाभप्रद यात्रा हुनु।
पर्वत चढेको देखेमा	पदोन्नति वा प्रसिद्ध हुनु।
पत्र पढेको देखेमा	शुभ समाचार, परिश्रम।
प्रकाश देखेमा	उच्चकोटीको साधु बन्ने।
पानी पिएको देखेमा	राज्यबाट लाभ।
फलाम देखेमा	कुनै धनवान्द्वारा लाभ।
बजार देखेमा	दरिद्रताको नाश हुनु।
बलेको दियो देखेमा	आयु वृद्धि हुनु।
बहर वा गाई देखेमा	मोटो लाभ, दुब्लो दुःख।
बादल देखेमा	विरक्ती र परेशानी बढ्नु।
बिरालो देखेमा	चोरी हुनु, शत्रु बढ्नु।
भऱ्याङ्ग देखेमा	सुख सम्पत्ति बढ्नु।
भूकम्प देखेमा	सन्तानलाई कष्ट र दुःख।
मरेकोमान्छेसँग कुरागरेमा	मनोकांक्षा पुरा हुनु।
मरेको मान्छेले बोलाएमा	विपत्ति आउनु।
मुर्दा देखेमा	रोगबाट मुक्ति पाउनु।
रत्न या मणि देखेमा	दुःख बढ्नु, अपव्यय हुनु।
रातो फूल देखेमा	पुत्रबाट सुख र भाग्योदय।
रोटी खाएको देखेमा	पदोन्नति र धन बढ्नु।
लठ्ठी देखेमा	ठूलो नाम हुनु।
वर्षा देखेमा	सुख र प्रसन्नता प्राप्त हुनु।
सुकेको बगैचा देखेमा	विपत्तिमा फस्नु।
सुख्खा अन्न खाएमा	कष्ट र व्यर्थ परेशानी हुनु।
सुगन्ध लगाएको देखेमा	विद्वान वा पण्डित हुनु।
सुपारी खाएको देखेमा	रोगबाट मुक्ति पाउनु।
सुराही देखेमा	आवारासंग संगत हुनु।
सेतो फूल देखेमा	दुःखबाट छुटकारा पाउनु।
सिंहाशन देखेमा	धेरै सुख पाउनु।
हरियो बगैचा देखमा	पदोन्नति र लाभ हुनु।

अंग फरफराउदाँको फल

स्थान	फल
कपाल	(भूमी) लाभ
मस्तक	स्थान लाभ
निधार	सुख प्राप्ति
आँखी भौं	महान सुख
भौको बीचमा	स्त्री प्राप्ति
परेला	प्रिय दर्शन
नेत्र (आँखा)	लक्ष्मी लाभ
आँखा कुना	लाभ
ओठ	सन्तान लाभ
चिउँडो	मधुर भोजन
रुद्र घण्टी	प्रिय प्राप्ति
गर्दन	धनागमन
मुख	द्रव्यलाभ
काँध	विजय
छाती	इष्ट सिद्धि
हृदय	उत्तम
कोख	प्रिय समागम
पीठ	राज्य लाभ
हात	विजय
हत्केला	भोग, संवृद्धि
कम्मर	महाभय
नाइटो मुनी	अभ्युदय
कटी पार्श्व	उत्तम प्राप्ति
लिङ्ग	स्त्री लाभ
योनी	पति प्राप्त
चाक	वाहन लाभ
तिघ्रा	वस्त्र लाभ
घुँडा	शत्रु वृद्धि
जाँघ	स्वामी प्राप्ति
खुट्टा	स्थान लाभ
पैताला	नृपत्व वृद्धि
पैतालामाथि	स्थान लाभ
पेट	उत्तम प्राप्ति

सामान्यतया पुरूषजातिको दायाँ अङ्ग र स्त्रीजातिको बायाँ अङ्ग फरफराउनु शुभ हुन्छ। विशेष गरेर पुरूषको बाँया र स्त्रीको दाँयाअङ्ग फरफराउनाले अशुभफल दिन्छ। यसकोलागि आफ्नो गच्छेले भ्याएसम्म दान गर्नु पर्दछ भन्ने जन विश्वास रहँदै आएको छ।

गर्भ ज्ञान विचार

ज्योतिषशास्त्र अनुसार स्त्रीजाति गर्भवति भएपछि के जन्मन्छ भन्ने उत्सुकताको लागि निम्न तरिकाबाट विचार गरिन्छ। प्रश्न गर्ने समयको तिथि, नक्षत्र, प्रहरका संख्यामा गर्भवती स्त्रीको नामको अक्षर संख्या जोडेर पुनः७ अङ्क जोडी ३ अङ्कले गुणन गर्ने अनि ७ अङ्कले भागगर्दा शेष विजोर अङ्क रहेमा पुत्र र शेष जोर अङ्क रहेमा पुत्रीको जन्म हुन्छ।

द्रष्टव्यः तिथिको संख्या भन्नाले शुक्लपक्षको प्रतिपदादेखि कृष्णपक्षको औंशीसम्म (क्रमशः१ देखि ३० सम्म), नक्षत्र संख्या भन्नाले अश्विनीदेखि रेवतीसम्म (क्रमशः१ देखि २७ सम्म) हुन्छ। प्रहर संख्या भन्नाले सूर्योदयदेखि सूर्यास्तसम्मलाई ४ प्रहर र सूर्यास्तदेखि सूर्योदयसम्मको समयलाई ४ प्रहर भन्ने सम्झने। नामको अक्षर भन्नाले गर्भवती स्त्रीको नाम कतिवटा अक्षरले बनेको छ त्यसको संख्या सम्झनु पर्दछ।

काग-स्पर्शको फल कागले शरीरलाई छोयो भने धनको नाश, मरण र वादविवाद (कलह) हुन्छ। कम्मर र काँधको स्पर्श गऱ्यो भने पनि अशुभ हुन्छ। स्त्रीको शीर माथि काग बस्यो भने पति, पुत्रको नाश गर्छ। रुख मुनी, खानापिनाको सामानको कारणले कागले छोएमा दोष रहित हुन्छ। कागको मैथुन हेऱ्यो भने ६ महिनासम्म मृत्युतुल्य कष्ट वा इच्छित कार्यको नाश गर्दछ।

दोष निवारणार्थ मास पिनेर त्यसको पिठोको काग प्रतिमा बनाएर माटोको भाडोमा राखेर माष-चामल-पिठोको नैवेद्य चढाउनु पर्दछ।

छ्यूँ गर्दाको फल छ्यूँ प्रायः सबैतिरको नराम्रो हुन्छ। आफ्नो छ्यूँ अत्यन्तै अशुभ हुन्छ। गाईको छ्यूँले मरण गराउँछ। बाँया र पछाडि पट्टीको छ्यूँ दोषकारक हुन्छ। महिलावर्गको छ्यूँ विशेष अशुभ हुन्छ। आसन, शयन, दिशागर्दा, खाना खाँदा, औषधिसेवनगर्दा, विद्याप्रारम्भगर्दा र विउँछर्दा लडाई अथवा विवाहमा जाँदा छ्यूँ आयो भने अत्यन्तै शुभ फलदायक हुन्छ। रक्सी, नस, पिनास र सर्दीबाट हुने छ्यूँ तथा बालक बूढोको छ्यूँ निष्फल हुन्छ। रोक्न प्रयास गर्दा गर्दै पनि छ्यूँ रोकिएन भने जो जुन कामको लागि गइरहेछ, त्यसमा अवश्य पनि विघ्न हुन्छ भन्ने धारणा छ।

विभिन्न मुहूर्त (साइत) हरू:

अथान्नप्राशन (पाश्नी) **मुहूर्त:** पुत्रको ६ वा ८, कन्याको ५ वा ७ महीनामा दुवैपक्षको २।३।५।७।१०।१३ तिथि, सोम. बुध. विही. शुक्रवार, अश्वि.रो.मृ.पु.ति.३उत्तरा.ह.चि.स्वा.ऽनु.अभि.श्र.ध.श.रे.नक्षत्रमा, जन्मर्क्ष लग्नदेखि अष्टमलग्न र त्यसको नवमांश १।८।१२ लग्न छाडी, केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह भै दशमस्थान शुद्धगरी शुभ वेलामा अन्नप्राशन (पाश्नी) गराउँदा वेस हुन्छ भन्ने शास्त्रीय धारणा छ।

कर्णवेध (कानछेड्ने) **मुहूर्त:** पौष चैत्र महीना, चातुर्मास, जन्ममहीना, तिथिक्षय, रिक्ता(४।९।१४) तिथि, जोर (२।४।६) वर्ष, जन्मताराछाडी, ६।७।८ महीना वा जन्म देखि १२।१६ दिन, सोम बुध विही शुक्रवार विजोर (१।३।५) वर्ष, अ.मृ.पु.ति.ह.चि.ऽनु.अभि.रे.नक्षत्र, केन्द्र त्रिकोणमा शुभग्रह, ३।६।११ मा पापग्रह भई शुक्रका लग्नमा स्वजन्मराशि छाडी पुत्रको पहिले दाहिने र छोरीको देब्रेकान छेंड्दा शुभ होला।

शीतलावेध (खोपाउने) **मुहूर्त:** अश्वि.रो.मृ.ति.ह.चि.ऽनु.अभि.श्र.ज्ये.श. नक्षत्रमा, आइत. मङ्गल. बुध र विहीवार शीतलावेध (खोपाउदा) शुभ होला। लोकमा द्विपुष्कर, त्रिपुष्कर, धनिष्ठा पंचक र जन्म नक्षत्र पनि छाड्दछन्।

चूडामुहूर्त: गर्भाधान वा जन्मदेखि (३।५।७ विजोर वर्ष), १।४।६।७।९।१२।१४ तिथि, पर्वदीन, चैत्रमहीना, जन्मराशि या लग्नदेखि अष्टमलग्न छाडी, उत्तरायण, सोम.बुध. विही.शुक्रवार, शुभलग्न तथा शुभांशकमा लग्नदेखि अष्टम शुद्धगरी ३।६।११मा पापग्रहपारी अश्वि.मृ.पु.ति.ह.स्वा.अभि.श्र.ध.श.ज्ये.रे. नक्षत्रमा चूडा (मुण्डन) गर्दा राम्रो हुन्छ।

कपाल-दाढी-नड् बनाउँदा: अश्वि.मृ.पु.ति.ह.चि.स्वा.ज्ये.श्र.ध.रे. नक्षत्रमा, सोम. बुध. विही र शुक्रवार कपाल-दाढी-नड्काट्दा शुभ होला।

अक्षरारंभ मुहूर्त: गणेश विष्णु सरस्वती लक्ष्मी पूजनगरी ५ वर्षमा उत्तरायणमा, २।३।५।६।१०।११।१२ तिथि, आ.पु.ति.ह.चि.स्वा.ऽनु.अभि.श्र.रे. नक्षत्रहरूमा, सोम. बुध. विही र शुक्रवार, चर(४।७।१०) लग्नछाडी शुभलग्न शुभांशमा अक्षरारम्भ गर्नु पर्दछ।

विद्या चक्रम्
सूर्यको नक्षत्रबाट

७	भयम्
२४	विद्या

व्याकणारंभ मुहूर्त: अश्वि.रो.मृ.पु.ति.ह.चि.स्वा.वि.ऽनु. नक्षत्रमा, बुध. विही र शुक्रवार व्याकणारम्भ शुभ होला।

गणितारम्भमुहूर्त: रो.आ.ति.ह.ऽनु.श.पूभा.रे. नक्षत्रमा, बुध र विहीवार गणितारम्भ गर्दा शुभ होला।

दीक्षाग्रहण मुहूर्त: ज्येष्ठ. आषाढ. मार्ग. कार्तिक, चैत्र महीना, भ.कृ.आ.श्ले.म.ज्ये.वि.नक्षत्र, मङ्गल र शनिवार, शुक्लपक्ष १।३।६।१३।१४।१५ र कृष्णपक्षको १।४।६।७।८।१०।११।१२।१३।१४।३० तिथि, गुरु शुक्रको अस्त, भद्रा, १।८।११।१२ लग्नछाडी गुरु शुक्रको दृष्टि पारी, केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह भएमा, संक्रान्ति र ग्रहणभए झन् वेस तारावल र चन्द्रमा जुराई दीक्षामन्त्र लिदाँ शुभ होला।

स्वयम्वरमुहूर्त: कृ.रो.३पूर्वा र ३उत्तरामा स्वयम्वर गर्दा शुभ होला।

कन्यावरण मुहूर्त: कृ.रो.मृ.३पूर्वा.३उत्तरा.ह.स्वा.ऽनु. मघा.मू.श्र.ध.रे. यी नक्षत्रहरूमा आइत, मङ्गल र विहीवार कन्यावरण गर्दा शुभ होला।

वधूप्रवेशमुहूर्त: विवाहदेखि १६ दिनभित्र, ५।७।९ दिन वा १६ दिन नाघ्यो भने विजोर महीना वा वर्ष लिनु, ५ वर्षदेखि अधिकमा शुभ मुहूर्तमा, अश्वि.रो.मृ.ति.म.३उत्तरा.ह.चि.स्वा.ऽनु.मू.अभि.श्र.रे. नक्षत्रमा, रिक्ता(४।९।१४) तिथि, आइत.मङ्गल.बुध.शनिवार छोडी वधुप्रवेश गराउँदा शुभ होला।

द्विरागमन मुहूर्त: सन्मुख दक्षिण शुक्रछाडी विषम १।३।५ वर्ष, मेष वृश्चिक कुम्भको सूर्यमा, सूर्य गुरु शुद्धपारी, सोम. बुध. विही. शुक्रवार, २।३।६।७।१२ लग्न, अश्वि. रो.मृ.पुन.ति.ह.चि.स्वा.ऽनु.मू.३उत्तरा.अभि.श्र.ध.श.रे. नक्षत्रमा द्विरागमन गर्दा शुभ होला।

पहिलो रजस्वला हुँदा शुभ काल: वैशाख ज्येष्ठ आषाढ आश्विन मार्गशीर्ष माघ फाल्गुन महीना, शुक्लपक्षको १।२।३।५।६।११।१३।१५तिथि, सेतोवस्त्र पहिरिएको अवस्था, सोम.बुध.विही.शुक्रवार, अश्वि.रो.मृ.ति.ह.चि.स्वा.ऽनु. ३उत्तरा.श्र.ध.श.रे.नक्षत्र उत्तम, कृ.पुन.वि.मू. नक्षत्र मध्यम र बाँकी नक्षत्र अशुभ, २।३।४।६।७।९।१२ लग्नमा प्रथम रजस्वला हुँदा शुभ होला। कृष्णपक्षको रात्रि, भद्रा, संक्रान्ति, रोगलागेको वेला, वैधृति-व्यतिपात योगमा प्रथम रजस्वला हुनु खासै राम्रो होइन।

पहिलोपटक नछुनेहुँदा पानीछुने मुहूर्त: अश्वि.मृ.३उत्तरा.ह.स्वा.अनु.रे. यी नक्षत्रमा आइत मङ्गल र विहीवारमा पानी छुँदा शुभ हुन्छ।

गर्भाधान मुहूर्त: तीनै प्रकारका गण्डान्त, निधन जन्मर्क्षात् सप्तम तारा, जन्म नक्षत्र एवं अश्वि.भ.म.मू.रे.नक्षत्र, ग्रहणलागेको दिन, वैधृति-व्यतिपात योग, आमावावुको श्राद्धको दिउँसो परिधयोगको पूर्वाद्ध र तीनै प्रकारको उत्पातले दूषित भएको दिन, जन्म नक्षत्र/राशि वा लग्नदेखि अष्टम लग्न, पापाक्रान्ता, भद्रा(६।८।१४।१५।३०) र रिक्ता (४।९।१४) तिथि, संक्रान्ति, संन्ध्या, आइत मङ्गल शनिवार र रजस्वला भएको ४ दिन सबै छाडी, ३उत्तरा.मृ.ह.ऽनु.रो.स्वा.श्र.ध.श. यी नक्षत्रमा केन्द्र त्रिकोणमा शुभग्रह, ३।६।११ स्थानमा पापग्रह पारी पुरुषग्रहले देखेको लग्नमा विजोर राशिको अंशमा चन्द्रमापारी पुरुषले रजस्वला भएको १६ दिन भित्रमा जोरदिनमा गर्भाधानगर्दा सुखी र दीर्घजीवी सन्तान जन्मन्छ भन्ने धारणा छ।

नामाकरण मुहूर्त: आइत.सोम.बुध.विही.शुक्रवार, अश्वि. रो.मृ.पुन.तिष्य.३उत्तरा.ह.चि.ऽनु.श्र.ध.श.रे. नक्षत्रमा नामाकरण गर्दा शुभ हुन्छ।

बच्चालाई घरबाहिर पठाउने मुहुर्त्त: अश्वि.रो.मृ.पु.ति.३पूर्वा.उफा.ह.स्वा.ऽनु.ज्ये.मू.उषा.श्र.ध. नक्षत्रहरूमा, ५।६।७।११ लग्न, जन्मदेखि १२ दिन, तेस्रो वा चौथो महीना र यात्रालाई मान्यतिथि अर्थात दुवैपक्षको २।३।५।७।१०।११।१३ र कृष्णपक्षको प्रतिपदा तिथि पनि श्रेष्ठ मानिएको छ।

सुत्केरीले पानीछुने मुहूर्त: अश्वि.मृ.३उत्तरा.ह.स्वा.चि.ऽनु.रे. नक्षत्रमा, आइतवार. मङ्गलवार. विहीवार सुत्केरीले पानी छुँदा शुभ होला।

बच्चा जन्मदाका विचारणीय तत्थहरू

तिथिगणान्त (५।१०।१५।३० तिथिको अन्तिम १ घडी र १।६।११ तिथिको प्रारम्भिक १ घडी), कृष्णपक्षको १४।३० एवं तिथिक्षय भएका अवस्थाहरू।

नक्षत्रगणान्त (श्लेषा ज्येष्ठा रेवतीको अन्तिम २ घडि तथा अश्वि.मघा.मूलको प्रारम्भको २ घडी), ज्येष्ठा मूल श्लेषा मघा तथा आमा-वावु र सहोदर दाजु-दिदीका नक्षत्रमा लगायत चित्राको तेस्रो पाउ, उ.फा.को पहिलो पाउ, तिष्यको २।३ पाउमा।

लग्नगणान्त (४।८।१२ लग्नको अन्तिम आधा घडि तथा १।५।९ लग्नको प्रारम्भको आधा घडि)। व्यतिपात-वैधृति योग, विष्कुम्भ-वज्रयोगको ३ घडि, गण्डको ६ घडि, परिघ-पूर्वार्द्ध-शूलको ५ घडि, व्याघातको ९ घडि। प्रत्येक संक्रान्तिकोदिन, ग्रहण लागेको र भद्रा परेको वेलामा, यम घण्ट दग्धयोग कुलिकयोग, कालवेला आदिमा वच्चा जन्मेमा अनिष्ठ हुन्छ भन्ने गरिन्छ। यसमा सामान्यरुपले शान्ति का प्रयत्नहरू गर्नुपर्दछ।

मूलको पहिलो पाउले वावुलाई, द्वोस्रोले आमालाई, तेस्रोले धन सम्पतिलाई अनिष्ठ तर चौथोले भने शुभप्रद गराउँछ। त्यस्तै

मूल वृक्षचक्रम्
स्थानिषठप: फलानि

स्थाना	घ.	फलानि
मूले	७	मूलनाश:
स्तम्भे	१५	वंशनाश:
वल्कले	२५	मातृदु:खम्
शाखा	३६	मातुलक्लेश:
पत्रम्	४८	राज्यप्राप्ति:
पुष्पम्	५३	मन्त्रीपद
फलम्	५७	विपुललक्ष्मी:
शिखा	६०	अल्पायु

श्लेषाको पहिलोले शुभप्रद गराउने, द्वोस्रोले धन-सम्पति, तेस्रोले आमा र चौथोले बाबुलाई पिरोल्छ भन्न गरिन्छ ।

मूलाख्य पुरुस्यांग विभाग फलम्

स्थाना	घ.	फलानि
मूर्छि	५	नृपोभवे
मूखे	१२	पित्रोमृति
स्कन्धे	१६	महाबल:
बाहौ	२४	वली
पाण्या:	२७	हत्याकृत
हृदि	३६	भूपमन्त्री
नाभो	३८	ब्रम्हाविद
गुह्ये	४८	कामी
जान्यो:	५४	सुबुद्धि
पादे	६०	मृत्यु

मूल-श्लेषाको चतुर्थ-प्रथमले मित्रलाई अनिष्ट गर्छ पनि भनिन्छ ।

ज्येष्ठाको अन्तिम २ घडी र मूलको प्रारम्भिक २ घडी अभुक्त (कडा) मूल हुने हुदाँ उपरोक्त अवधिमा जन्मेका सन्तानलाई ८ वर्षसम्म बाबुले मुखहेर्न हुदैन भन्ने गरिन्छ ।

यस्तो अवस्थामा मूल शान्तिको उपायहरू, महा मृत्युञ्जय जपादि विशेष कार्य लगायत बच्चा जन्मना साथ गोप्रसव (गाईबाट जन्मेको बनाउने कार्य) गर्नुपर्दछ ।

औशीमा जन्मेको बालकले बाबु-आमालाई अनिष्ट गर्छ भने बालिकाले पतिलाई पिरोल्छे । तीन गर्भसम्म पुत्र भएर चतुर्थ गर्भमा पुत्रीको जन्म वा ३ गर्भसम्म पुत्री भएर ४ गर्भमा पुत्र भएमा वितरयोग हुन्छ । वितरयोगले मातापिता र कूललाई अनिष्ट गर्छ पनि भन्ने गरिन्छ । वितर शान्ति गरेर शुद्ध हुनुपर्दछ ।

मूलादि भोत्य योवधू वरयो फलानि

नक्षत्र	पाद	फलम्
श्लेषा	२।३।४	सासुनाश:
विशाखा	४	देवरनाश:
ज्येष्ठा	०	जेठाजूनाश:
मूल	१।२।३	श्वसुरनाश:

बालकको दाँत पहिलो पटक उम्रिदाँको मासफल: पहिलो महीनामा दांत आउँदा आफ्ने नाश, दोस्रो महीनामा भाइकोनाश, तेस्रोमा दिदी-बहिनीको नाश, चौथोमा आमालाई कष्ट, पाँचौमा दाजुकोनाश, छैठौमा अत्यन्त सुखी, सातौंमा बाबुलाई सुख, आठौंमा आफ्ने शरीर तन्दुरुस्त, नवौंमा लक्ष्मी प्राप्ति, दशौं महीनामा दाँत आएमा सुखी हुन्छ तर माथिबाट दाँत आएमा वा दांतसहित जन्मेमा बाबु-आमा, आफु स्वंय र आफन्तलाई असरपर्ने हुनाले शान्तिका उपायहरू गर्नुपर्दछ ।

श्लेषास्य नराकर चक्रं

स्थाना	घ.	फलानि
शीर्ष	५	राज्यप्राप्ति
मुख	७	पितृनाश:
नेत्र	२	मातृनाश:
ग्रीवायां	३	परागामी
स्कन्धे	४	पितृभक्त
हस्त	८	वली
हृदय	११	आत्मघात
जानु	६	त्यागी
गुह्य	९	भोगी
पाद	५	धनवान्

गृहारम्भ मुहूर्त: कर्ताको सूर्य चन्द्र गुरु वलि भई जामित्र विवाहोक्त सम्पूर्ण दोष छाडी वैशाख.श्रावण.कार्तिक.मार्ग. पौष.फाल्गुन महीना, १।२।३।५। ६।७।८।१०।११।१२।१३।१५ तिथि, सोम. बुध. विही. शुक्र र शनिवार, रो.मृ.ति.३उत्तरा.ह. चि.स्वा.ऽनु.ध.श.रे. नक्षत्रमा, अष्टम/द्वादश स्थान शुद्ध र केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११ स्थानमा पापग्रहयुक्त लग्नमा वृषवास्तु समेतजुराई गृहारम्भगर्दा शुभ होला ।

घरछाउने मुहूर्त: २।३।५।७।१०।१३ तिथि, अश्वि. रो. मृ.पु.ति.ह.चि.स्वा. ऽनु.अभि.उपा. नक्षत्रमा, सोम. मङ्गल. बुध र शनिवार शुभ तर धनिष्ठा पंचक छाड्नु पर्दछ ।

द्वार चक्रम्
सूर्यको नक्षत्रबाट

४	लक्ष्मीप्राप्ति:
१२	जनवाससुखं
२०	सौख्यं भवेत्
२३	स्वामिनाश:
२७	सौख्यंस्यात्

गृहवास्तु मुहूर्त: वैशाख. श्रावण. कार्तिक. मार्गशीर्ष. पौष र फाल्गुनमा, रो.मृ.ति.३उत्तरा. ह.चि.स्वा.ऽनु.ध.श.रे. नक्षत्रमा, शुक्ल पक्षको २।३।५।६।९।११।१२ तिथिमा, वास्तु पुरुषको पूजा र भूत वलिदिई गृहवास्तु गर्दा शुभ होला ।

गृहप्रवेश मुहूर्त: उत्तरायणका वैशाख. ज्येष्ठ. माघ. फाल्गुन महीना, रिक्ता (४।९।१४) औंशी तिथि, जन्म नक्षत्र-राशि वा जन्म लग्नदेखि अष्टम र चरलग्न चरांशकचैत्र महीना, आइत/मङ्गलवार छाडी ३।६।११ मा पापग्रह २।५।७।९।१० स्थानमा शुभग्रह १।४।८ स्थान शुद्ध गरी रो.मृ.चि.३उत्तरा. ऽनु.रे. नक्षत्रमा शुद्ध भकूटमा जलपूर्णकलश र ब्राम्हण अघि लगाई कलशचक्रसमेत जुराई गृहप्रवेश गर्दा शुभ होला तर गुरु-शुक्रास्तमा हुदैन ।

कलश चक्रम्
(गृह प्रवेशमा हेर्ने)
सूर्यको नक्षत्रबाट

स्थान	न	फलम्
मुखे	१	अग्निदाह:
पूर्वे	५	जनवासशून्यं
दक्षिणे	९	द्रव्यलाभ:
पश्चिमे	१३	श्रीप्राप्ति:
उत्तरे	१७	कलह:
गर्भे	२१	विनाश:
गुदे	२४	स्थैर्यशुभम्
कण्ठे	२७	स्थिरत्वम्

पुरानोघरमा पुनः प्रवेश मुहूर्त: श्रावण. कार्तिक. मार्ग. महीना, रो.मृ.ति.३उत्तरा.चि.स्वा.ऽनु. ध.श.रे. नक्षत्रमा वास्तु समेत गरी गृहप्रवेश गर्दा शुभ होला ।

चुल्हो बनाउने मुहूर्त: श्रावण वाहेक अन्य महीना, अश्वि. रो.ऽर्द्रा.ति.३पूर्वा उत्तरा. नक्षत्रमा चुल्ली चक्र समेत जुराइ चुल्हो बनाउँदा शुभ होला ।

चुल्ही चक्रम्
सूर्यको नक्षत्रबाट

स्थान	न.	फलम्
पृष्ठे	६	श्रीलाभ:
शीर्षे	१०	मृत्युभयम्
बाहौ	१८	सुखम्
गर्भे	२३	विनाश:
हस्ते	२५	सुमुक्ति:
चरणे	२७	कलत्रमृति

वृषवास्तु चक्रं
सूर्यको नक्षत्रबाट

३	दाह:
७	शून्यम्
११	स्थिरता:
१४	श्रीप्राप्ति:
१८	लाभ:
२१	स्वमिनाश:
२५	दारिद्रचम्
२८	पीडा:

काठको खलियो छाउँदा: रो.ऽर्द्रा.ति.पूफा.ह.स्वा.वि.ऽनु. मू.पूषा.श.यी नक्षत्रमा, आइत. सोम. मङ्गल. बुध र शुक्रवार काष्ठस्थापनाचक्र जुराइ काठको खलियो छाउँदा शुभ हुन्छ ।

जलाशयखन्ने मुहूर्त: उत्तरा.रो.ति.मृ.ह.ऽनु.पूषा.ध.श.रे. नक्षत्रमा पापग्रहको बल रहित भएको लग्नपारी लग्नमा बुध/गुरु र दशममा शुक्र, जलचर राशिमा चन्द्र लग्न पारी कूपचक्र समेत जुराई, जलाशयखन्दा शुभ हुन्छ ।

शिलान्यास मुहूर्त: कुनै पनि नवीन निर्माणकार्यमा अश्वि.रो. मृ.ति.ह. ३उत्तरा.श्र.रे. नक्षत्रमा शिलान्यास गर्दा शुभ होला ।

कूप चक्रम्
धातुभावाद गणना
(रोहिणीदेखि गन्ने)

पृष्ठे	४	शुभजलम्
नाभौ	४	बुद्धिनाश:
हृदि	४	स्थिरता
मध्ये	४	कलह:
नेत्रयो	४	धनाप्ति:
पादयो	८	अनर्थ

हलोजोत्ने मुहूर्त: भ.कृ.ऽऽर्द्रा.श्लेषा. ज्ये. ३पूर्वा. नक्षत्र, मिथुन. कर्कट. धनु. मकर तथा कुम्भलग्न, ४।७।८।९।१५।३० तिथि छाडी, सबैवार हलचक्र जुराई हलो जोत्दा शुभ होला ।

हल चक्रम्
सूर्यको नक्षत्रबाट

२	असत्
१०	सत्
१९	असत्
२७	सत्
२८	असत्

फणि चक्र
राहुको नक्षत्रबाट

८	असत्
११	सत्
१२	असत्
१५	सत्
१६	असत्
१९	सत्
२०	असत्
२३	सत्
२७	असत्

बीउछर्नेमुहूर्त: भ.कृ.ऽऽर्द्रा. श्ले.ज्ये.३पूर्वा.पु.वि.श्र.श. यी नक्षत्रमा, मङ्गलवार छाडी केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११ मा पापग्रह पारी, फडिचक्र जुराई, बीउछर्दा शुभ होला ।

बीउरोप्ने मुहूर्त: वि.पूभा.मू.रो.श. उफा. नक्षत्रमा, शनि. मङ्गलवार छोडी बीउरोप्दा शुभ होला ।

धान्यच्छेदन (मूठिलिने) मुहूर्त: भ.कृ.मृ.आ.ति.श्ले.म.३उत्तरा.ह.चि. स्वा.ज्ये.मू. पूषा.श्र.ध.पूभा. नक्षत्रमा, शनि तथा मङ्गलवार, रिक्ता (४।९।१४) तिथि छाडी, पाकेकोबाली काट्नको लागि मूठिलिदा शुभ होला ।

दाउरीगर्ने मुहूर्त: पाकेर काटेको अन्नपातलाई रो.म.पूफा. उफा.ऽनु.ज्ये.मू.श्र.रे. नक्षत्रमा चुट्ने झार्ने गरेर दाउरी गर्दा शुभ होला ।

अन्न भण्डारण गर्ने मुहूर्तः अश्वि.रो.मृ.पु.ति.३उत्तरा.ऽनु.श्र.ध.रे. नक्षत्रमा शुक्रवार शुभ तिथिमा अन्न भण्डार गर्दा राम्रो होला ।

अन्नपात भण्डारबाट झिक्ने मुहूर्तः ३उत्तरा.रो.मृ.पु. नक्षत्रमा, तिथि वार शुभ लग्नपारी भण्डारमा राखेको अन्न झिक्दा शुभ होला ।

नवान्नप्राशन (न्वागीखाने) मुहूर्तः शनि र मङ्गलवार, पौष र चैत्र महीना, १।६।११ तिथि, तिथि- नक्षत्रको विषघटी * छाडी, अश्वि.मृ.पुन.ति.ह.चि.स्वा.ऽनु.अभि. श्र.ध.श.रे. नक्षत्रमा नयां अन्न खांदा शुभ हुन्छ । तर धेरैले कार्तिकशुक्ल द्वादशीमा नै न्वागी खाने गर्दछन् । त्यस दिनलाई साइत हेर्नु पर्दैन् ।

*विषघटीको विवरण यस पञ्चाङ्गमा पनि उल्लेख छ ।

गाई किन-बेच गर्ने मुहूर्तः अश्वि.पु.ति. ह.चि.ज्ये.अभि. ध.श.रे. यी नक्षत्रमा शुभ होला । अन्य वस्तुहरू किन्ने र बेच्ने नक्षत्र यिनै हुन् ।

पशुसार्ने मुहूर्तः ४।८।९।१४।३० तिथि, मङ्गलवार, रो. ३उत्तरा. श्रवण नक्षत्र छाडी, शुभ ग्रहबसेको लग्नमा अष्टमस्थान शुद्धपारी उनका योनि नक्षत्रमा योगिनीचक्र समेत जुराई पशुको ठाउँ सार्दा शुभ होला ।

शिल्प-विद्या सिक्ने मुहूर्तः अश्वि.रो.मृ.पुन.ति.ह.चि.स्वा. ऽनु.मू.अभि.३उत्तरा.ध.श.रे. नक्षत्रमा, चन्द्रमा बुध वा गुरुको षड्वर्गमा १ वा १० स्थानमा बुध भएको लग्नपारी शिल्प विद्या सिक्दा शुभ हुन्छ ।

व्यापारीक प्रतिष्ठानारम्भ मुहूर्तः रिक्तातिथि, मङ्गलवार तथा कुम्भलग्न छाडी, अश्वि.रो.मृ.ति.३उत्तरा.ह.चि.ऽनु.रे. नक्षत्रमा, लग्नमा चन्द्रमा २।१०।११ मा शुभग्रह र ८।१२ स्थानमा पापग्रह नपार्नु शुभ हुन्छ ।

द्रव्यलेनदेनगर्ने मुहूर्तः अश्वि.मृ.पु.ति.चि.स्वा.वि.ऽनु. श्र.ध.श.रे. नक्षत्रमा, बुधवार छोडी, चर।१,४,७,१०) लग्न देखि ५।८।९ स्थान शुद्धगरी ऋणप्रवाह गर्दा शुभ । मङ्गलवार ऋण लिनाले ऋणीको वंशपर्यन्त ऋण रहन्छ भनिन्छ ।

नविनवस्त्र धारण मुहूर्तः अश्वि.ह. चि.स्वा.ऽनु.रे. नक्षत्रमा स्त्रीले नयां वस्त्र वा आभुषण लाउनु । पुरुषलाई रिक्ता(४.९.१४)तिथि छाडी, पु. ति. रो. आ. ३उत्तरा. नक्षत्रमा, बुध. विही. शुक्रवार नयां वस्त्र वा आभुषण धारणगर्दा शुभ होला ।

मीत लाउने मुहूर्तः चि.पूफा.ऽनु. नक्षत्रमा, शुक्रवार, तैतिल करण, ८।१२ तिथि, शुक्र वसेको वा देखेको लग्नमा मित लाउँदा शुभ हुन्छ ।

औषधि सेवन मुहूर्तः अश्वि.मृ.पु.ति. ह.चि.स्वा.ऽनु.मू. ध.श.श.रे. नक्षत्रमा औषधि सेवन गर्दा शुभ होला ।

पुराणश्रवण वक्ते गुरुको नक्षत्रबाट

स्था	फलम्
४	धर्मप्राप्तिः
८	श्रीप्राप्तिः
९	कथासिद्धिः
१४	परमसुखम्
२०	पीडा
२४	नृपभयम्
२७	ज्ञानप्राप्तिः

रोगस्नान मुहूर्तः रे.पुन.३उत्तरा.रो. म.स्वा.श्ले. नक्षत्र, सोम. बुधवार छाडी, रिक्तातिथि, चरलग्नमा केन्द्र त्रिकोणमा पापग्रह ३।६।११ मा शुभग्रह र चन्द्र हीन वल भएको वेलामा रोगस्नानगर्दा शुभ होला ।

रोगविचारः विरामीको रोग सम्बन्धी प्रश्न गर्ने वेलामा पापग्रह संग वसको चन्द्रलग्नमा छ र पाप ग्रहकोदृष्टि परेको छ भने विरामीलाई सञ्चो हुदैन । सूर्य ७ स्थानमा र चन्द्र लग्नमा छ या विपरीत सूर्य १ मा र चन्द्र ७ मा छ भने विरामी मर्दछ ।

तिथिरारुच्च नक्षत्रं योगं वारं च संयुक्तं
भक्ता द्वादश शेषेण मरणं जीवनं फलम् ।
रामवाणरसाष्टौ च चन्द्रं रूद्राक्ष जीवित
एक पक्ष युगं सप्त दशाभावे नजीवति ।।

प्रश्नगर्नेवेलाको तिथि वार नक्षत्र योगको संख्यालाई १२ ले भाग लिंदा मर्ने र बाचने ज्ञानः यसैलाई ८ ले भाग लिंदा ७३ शेषमा देवीको, २।६ रहे पितृको, ४।० शेष रहे डंकिनीको र १।५ रहे केहिको दोष छैन ।

यात्रा मुहूर्त सम्बन्धी तथ्यहरु

यात्रा मुहूर्तमा दिशाशूल, नक्षत्रशूल, योगिनी, भद्रा, चन्द्रमा, तारा, शुभतिथि-नक्षत्र आदिको विचार गरिन्छ ।

१.शुभ तिथिः भद्रादि दोषरहित २, ३, ५, ७, १०, ११ एवं शुक्लपक्षको १३(त्रयोदशी) र कृष्णपक्षको १(प्रतिपदा)।

२.शुभ नक्षत्रः अश्विनी. मृगशिरा. पुनर्वसु. तिष्य. हस्त. ऽनुराधा. श्रवण. धनिष्ठा. रेवती ।

३.सर्वत्रजानहुने नक्षत्रः अश्वि. ति. ऽनु. हस्त ।

४.मध्यमनक्षत्रः रो. ३पूर्वा. ३उत्तरा. ज्ये. मू. श. ।

५.श्रेष्ठ बारबेलाः अमृत, चर, लाभ, शुभ ।

६.शुभ होराः चन्द, बुध, गुरु, शुक्रको होरा ।

७.शुभ चन्द्रहरूः आफ्नो राशिवाट गन्दै जादा मेष मिथुन कन्या तुला मकर कुम्भको चन्द्रमा शुभ, शुक्लपक्षमा वृष सिंह धनुको चन्द्रमा शुभ हुन्छ ।

(जस्तै आफ्नो राशि मेष छ, भने कुनदिन जाने हो त्यसदिनको पञ्चाङ्गमा हेर्दा चन्द्रराशि माथिको जुन राशि क्रमैसंगै गन्दा आउँछ त्यहि सम्झनु पर्छ ।)

८.शुभ तारा: जन्म नक्षत्रदेखि दिननक्षत्रसम्म गन्दै जादा जुन सख्या आउछ, त्यसलाई ९ ले भागगर्दा यदि शेष १,२, ४,६,८,० वचेमा शुभ हुन्छ भने अन्य शेषमा अशुभ ।

९.यात्रामा शुभाशुभ लग्नः कुम्भ वा कुम्भको नवांशमा यात्रा कदापि गर्नु हुदैन् । शुभलग्न त्यो हुन्छ जसमा १. ४. ५. ७. ९. १० औ स्थानमा शुभग्रह र ३. ६. ११ स्थानमा पापग्रह हुन्छन् । अशुभ लग्नमा चन्द्रमा १. ६. ८. १२ वा कुनै पनि ग्रहको साथमा शनि:१०, शुक्र:७, गुरु:८, बुध:१२, लग्नेश:६, ७, ८ र १२ हुन् ।

१०.दिशा शुलः सोम र शनिवार पूर्वतर्फ जानु हुदैन्, मङ्गल र बुधवार उत्तरतर्फ नजानु । आइत र शुक्रवार पश्चिमतिर गए हानि मात्र होइन् दुःख पनि पाइन्छ । यदि विहीवार दक्षिण दिशातर्फ गयो भने साह्रै नै नराम्रो वा अरिष्ठ हुन्छ भनिन्छ ।

११.कालराहुको वासः शनिवार-पूर्व, शुक्रवार-अग्निकोण, विहीवार-दक्षिण, बुधवार-नैऋत्य, मङ्गलवार-पश्चिम, सोमवार-वायव्य, आइतवार-उत्तरदिशामा कालराहुको वास हुन्छ । यात्राको दिशामा कालराहु (अनिष्ठ)नराम्रो हुन्छ । अतः जुन वार यात्राको दिशामा कालराहुको वास हुन्छ, त्यसलाई छाड्ने ।

१२.नक्षत्र शूलः पूर्वमा-ज्येष्ठा पू.षा.उ.षा., दक्षिणमा-विशाखा श्रवण पू.भा., पश्चिममा-रोहिणी तिष्य मूल, उत्तरमा- पू.फा., उ.फा., हस्ता, विशाखामा कदापि यात्रा गर्नु हुदैन् । दक्षिणको यात्रामा धनिष्ठापंचक (ध. श. पूभा. उभा. रेवती) नक्षत्र छोड्नु पर्दछ ।

१३.योगिनी वासका तिथिः १-९ पूर्व, ३-११ आग्नेय, ५-१३ दक्षिण, ४-१२ नैऋत्य, ६-१४ पश्चिम, ७-१५ वायव्य, २-१० उत्तर, ८-३० इशानमा योगिनीको वास हुन्छ । यात्रामा सन्मुख र दायांको योगिनी अशुभ, वायांदिशा र पछाडीको योगिनी भने शुभ हुन्छ ।

१४.चन्द्रमाको दिशाः यात्रामा चन्द्रमा सन्मुख वा दायां दिशामा शुभ हुने, पछाडी चन्द्रमा भएमा मृत्यु र वायांतर्फ हुंदा हानि हुन्छ । चन्द्रमाको दिशा त्यसको तत्कालिन राशिवाट मानिन्छ । मेष, सिंह र धनुका चन्द्रमा पूर्वमा । वृष, कन्या र मकर राशिका चन्द्रमा दक्षिणमा । मिथुन, तुला र कुम्भ राशिका चन्द्रमा पश्चिममा तथा कर्कट, वृश्चिक र मीन राशिका चन्द्रमा उत्तरमा हुन्छ ।

१५.समय शूलः उषाकालमा पूर्वमा, गोधुलिमा पश्चिममा, अर्धरातिमा उत्तरमा मध्यान्ह कालमा दक्षिण दिशातिर जानु हुदैन् गएमा समयशूल पर्दछ ।

○○○○○○○

पाञ्चायन देवता स्थापना

आदित्यं गणनाथं च देवीं रुद्रं च केशवम् ।
पञ्चदैवत्यमियुक्तं सर्वकर्मसु पूजयेत् ॥

विष्णु पाञ्चायन

सूर्य पाञ्चायन

शिव पाञ्चायन

देवी पाञ्चायन

गणेश पाञ्चायन

षोड्शोषपचार सर्वदेवपूजन विधि

(यथोपलब्ध पदार्थेन कामनापत्वेनकर्तव्यम्)

शुद्ध आसनमा वसी दीयो बती वाली आचमनगरी अर्घ स्थापना गर्ने, अर्घमा चन्दन अक्षता फूल चढाउने अनि जौ, तिल, कुश अर्घमा हाल्नु तव अर्घबाट ३ टुक्रा कुश हातमा लिएर ॐ अपवित्र:पवित्रो वा सर्वावस्थां गतोऽपि वा । यस्मरेत् पुण्डर ीकाक्षं सवाह्याभ्यान्तर शुचि ॥ **भनी अर्घको जल शरीर मा छर्कनु** ॐ केशवाय नम । ॐ नारायणाय नम । ॐ माधवाय नम। **भनी अर्घबाट ३ टुक्रा कुश, जौ, तिल लिई संकल्पगर्नु** । ॐ विष्णु:[३], ॐ तत्सदद्य श्री मद्भावतो महा पुरुषस्य विष्णो राज्ञया प्रवर्त्तमानस्य ब्रम्हणो द्वितीयपरार्द्धे श्री श्वेत वाराह कल्पे सप्तमे वैवस्वतमन्वन्तरे अष्टा विंशतितमे कलियुगस्या द्यचरणे जम्बूद्वीपे भरतखण्डे आर्यावर्त्तैक देशान्तर्गते ..... पुण्यक्षेत्रे, वौद्धावतारे, ... संवत्सरे, ... अयने, ... ऋतौ, ... मासे, ... पक्षे, ... तिथौ, ... वासरे, ... नक्षत्रे, ... गोत्रोत्पन्न, ... नामाहं ममकायिक वाचिक मानसिक सांसर्गिक ज्ञातऽज्ञात सकलदोष परिहारार्थ श्रुतिस्मृति पुराणेक्त फल प्राप्त्यर्थ श्री परमेश्वर प्रीत्यर्थ ..... देवपुजनं करिष्ये ॥ **भनी संकल्प गर्नु र पूजा गर्न थाल्नु** आगच्छ भगवानदेव स्थाने चात्रस्थिरो भव । यावत पूजा करिष्यामि तावत्वं सन्निधौ भव । **देव प्रतिष्ठा गर्नु-** अस्यैप्राणा प्रतिष्ठन्तु अस्यैप्राणा क्षरन्तु च । अस्यै देवत्व मर्चायै मामहेति च कश्चन ॥ **फूलको आसन दिने-** सम्यं सुशोभनं दिवइ सर्वसौख्यकरंशुभम् । आसनञ्च मया दत्तं गृहाण परमेश्वर । **जल चढाउने-** उष्णोदकं निर्मल च सर्व सौगन्ध संयुत्तम् । पाद प्रक्षालनार्थाय दत्तं ते प्रति गृहयताम्। अर्घ्य गृहाणा देवेश गन्ध पुष्पाक्षतै: सह । करुणाकर मे देव गृहाणार्घ्य नमोस्तुते ॥ **फेरी जलचढाउने-** सर्वतीर्थ समायुक्त सगन्धि निर्मल जलम् । आचम्यतां मयादत्त गृहणा पमेश्वर ॥ **पुन: जल चढाउने-** गङ्गासरस्वती रेवापयोष्णी नर्मदाजलै । सनापितो सि मयादेव तथा शान्ति कुरुष्वमे ॥ **पंचामृत चढाउने-** पयोदधि घृतचैव मधु शर्करया युतम् । पंचामृत मायानीत स्नानर्थ प्रति गृहयाताम् ॥ **फेरी जल चढाउने-** मन्दाकिन्या स्तुयद्वारि सर्वणापहरंशुभम् । तरिदंकल्पित देव स्नानार्थ प्रतिगृहयतम् । **वस्तुचढाउने-** सर्व भूषाधिके सौभ्य लोकलब्जा निवारण मयोपपादिते तुभ्य वाससी प्रति गृहयातम् । **जनै चढाउने-** नवभि स्तन्तुभिर्युत्तम् प्रिगुणं देवतामयं । उपवीतं मयादत्तं गृहाण परमेश्वर । **श्रीखण्ड चन्दन चढाउने-** श्रीखण्ड चन्दनं दिव्यं गन्धाढयं सुमनो हरंम् विलोपनं सुरश्रोयष्ठ चन्दनं प्रतिगृहयाताम् ॥ **अबीर सिन्दूर चढाउने-** अबीरचं गुलाल च चोवा चन्दन मेव त । अबीरेणार्चितोदेव अत: शान्ति प्रयच्छमे । सिन्दूर शोभनं रक्तं सौभाग्यं सुखवर्धनं । शुभदं कामदं चैव सिन्दूर प्रति गृध्यत्ताम् । **अक्षताचढाउने-** अक्षतांच सुरश्रेष्ठा कुंकुमोक्ता: सुशोभिता मयानिवेंदिता भक्त्वा गृहाणा परमेश्वर ॥ **फूलमाला चढाउने-** माल्यादीनि सुगंधीनि मालत्यादीनि वै प्रभो । मयाहृतानि पुष्पाणि गृहाण परमेश्वर: ॥ **धूप वत्ति वालेर चढाउने-** वनस्पति रसदभूतो गन्धाढ्यौ अन्ध उत्तम: । आघयं सर्वदेवनानां भूपोयं प्रतिष्हृयताम् ॥ सजायं च वति संयुक्त वाह्निना योजितं मया दीपं गृहाण देवेश त्रैलोक्य तिमिरापहम् । **नैवेद्य चढाउने-** शर्करा घृत संयुक्तं मुधुर स्वादु चौत्तमम्। उपहार समायुक्तं नैवेद्य प्रतिग्रहयतां ॥ **आचमन गर्न जल चढाउने-** गंगाजलं समानीतं सवर्ण कलशे स्थितम् । आचम्यतां सुरश्रेष्ठ शुद्धमाचमनीयकम् ॥ **फलफूल चढाउने-** इदं फलं मयादेव स्थापितं परतस्तव । तेनमे सफलावाप्तिर्भ वेज्जन्म निजन्मनि ॥ **पानसुपारी चढाउने-** पूगी फलं महादिव्यं नाग वल्ली दलैयुतम् । एलादि चूर्णसहितं ताम्वूलं प्रति ग्रहयताम् ॥ **भेटीचढाउने-** हिरण्य गर्भगर्भस्थं हेमवीजं विभावसो । अनन्तपुराण फलदो अत:शान्ति प्रयच्छेमे ॥ **नीराजन (आरती) गर्ने-** चन्द्रादित्यौ त धरणी विताम्श्नि तथैव च । त्वमेव सर्व ज्यौतिषी आर्तिक्यं प्रति ग्रह्यताम् ॥ **पुष्पाजली चढाउने-** पुष्पाणि सन्तव्रततु सांप्रत मेषजीव ॥ **प्रदक्षिणा (परिक्रमा) गर्ने-** यानिकानिचपापानि जन्मान्तर कृतानि त । तानि सर्वणि नश्यनतु प्रदक्षिण पदे पदे ॥ **प्रार्थना गर्ने-** जन्मानि सन्तु ममदेव शर्ताधिकानि माया नमे विशतु चितमवोध हेतु: किचित् क्षणार्धमपिते चरणा-रविन्द ध्यानेस्तुमे हृदयभीश नमो नमस्ते **दक्षिणा संकल्प गर्ने (पूर्व संकल्प जस्तै)-** सिद्धिरस्तु अमुक देव पूजन साङ्गफल प्राप्तये अमुक द्रव्यं, अमुक देवता प्रातये अमुक गोत्राय, अमुक नाम ब्राम्हणाय दाष्ये तत्सत् नम: **भनि ब्राम्हणलाई दक्षिणा दिएर अर्घघुमाई पूजा समाप्त गर्ने र आचमन गर्ने** । इति षोड्शोपचार सर्वदेवपूजन विधि ।

विषघटी काल तथा त्याज्य समय:

वार विषघडी: आइत:२०, सोम:२, मङ्गल:१२, बुध:१०, विही:७, शुक्र:५, शनि:२५ घडी पछिको ४ घडीको समय विषघटीको समय त्यागेर मात्र शुभकार्य गर्नु पर्दछ ।

तिथि विषघटी: प्रतिपदा:१५, द्वितीया:५, तृतीया:८, चौथी:७, पञ्चमी:७, षष्ठी:५, सप्तमी:४, अष्टमी:८, नवमी:७, दशमी:१०, एकादशी:३, द्वादशी:१०, त्रयोदशी:१२, चतुर्दशी:७, पूर्णिमा: र औंशी:८ घडी पछिको ४ घडी विष घटी हुन्छ । तिथिगणान्त(५।१०।१५/३०को अन्तिम १ घडी र १।६।११ तिथिको प्रारम्भिक१घडी) पनि विषघटी हुन्छ ।

नक्षत्र विषघटी: अश्विनी:५०, भरणी:२४, कृतिका:३०, रोहिणी:४०, मृगशिरा:२४, आर्द्रा:२१, पुनर्वसु:३०, तिष्य:२०, श्लेषा:३२, मघा:३०, पू. फा:२०, उ.फा:१८, हस्ता:२१, चित्रा:२०, स्वाती:१४, विशाखा:१४, ऽनुरा:१०, ज्येष्ठा:१४, मूल:५६, पू.षा:२४, उ.षा:२०, श्रवण:१०, धनिष्ठा:१०, शतभिषा:१८, पू.भा:१६, उ.भा:२४, रेवती:३० पूर्णकाल, रेवती:३० पूर्ण र पछिको ४ घडी पनि विषघटी हुन्छ ।

विष्कुम्भादि योगको वर्जितकाल: परिघको पूर्वार्द्ध, विष्कुम्भको शुरुको ५ घडि, शूल, गण्ड तथा व्याघातको ६ घडी, हर्षण तथा वज्रको ९ घडि, वैधृति तथा वज्रको शुरुको ९ घडी र वैधृति व्यतिपातको पूर्णकाल त्याज्य हुन्छ शुभकर्महरूमा ।

आनन्दादि योगको वर्जितकाल: ध्वांक्ष, मुद्गर र वज्र योगको प्रारम्भिक ५ घडी, काण तथा मुसलको २, पद्म तथा लुम्बको ४, धूम्रको १, गदको ७, चरको ३ घडीको प्रारम्भिक समय र मृत्यु, काल, उत्पात, राक्षसको सम्पूर्ण समय शुभकृत्यहरूमा त्याग्नु भन्ने शास्त्रीय विचार छ ।

अभिजित मुहूर्त: अभिजित मुहूर्तमा मध्यान्ह अगाडि एवं पछाडिको ३० पला (१२/१२ मिनेट)को समय पर्छ । अभिजित मुहूर्तलाई सर्वोत्कृष्ठ मुहूर्त्त मानिन्छ ।

सुख, सम्पति, दीर्घायु, धनधान्य प्राप्तिकोलागि प्रतिवर्ष चन्द्रमासको आधारमा तिथिमा आफ्नो जन्मोत्सव मनाउदाँ

जन्मतिथिरौदयिकी ग्राह्या:

युगाद्यावर्षवृद्धिश्च सप्तमी पार्वती प्रिया ।
रवेरुदयमिच्छन्ति न तत्र तिथियुग्मता ॥ १ ॥
मृते जन्मनि संक्रान्तौ श्राद्धे जन्मदिने तथा
अपृश्यस्पर्शने चैव न स्नायादुष्णवारिणा ॥ २ ॥
खण्डनं नखरोमाणं मैथुनाध्वगमो तथा ।
आमिषं कलहं हिंसां वर्षवृद्धौ विवर्जयेत् ॥ ३ ॥
कृतान्तकुजयोर्वारे यस्य जन्मतिथिर्भवेत् ।
अनृक्षयोग सम्प्राप्तौ विघ्नस्तस्य पदे पदे ॥ ४ ॥
नवाम्बरधरो भूत्वा पूजयेत चिरायुषम् ।
मार्कण्डेयं नरो भक्त्या पूजयेत् प्रयतस्तथा
दीर्घायुषं व्यासं रामं द्रौणिं कृपं तथा वलिम् ।
प्रह्लादं च हनुमन्तं विभीषणमथार्चयेत् ॥
स्वनक्षत्रं जन्मतिथि सम्प्राप्य पूजयेन्नर: ।
षष्ठी च दधिभक्तेन वर्षेवर्षे पुन:पुन: ।
तिथितत्वे एतन्नामभिस्तिलहोमोयुक्त: ॥ ५ ॥
सर्वैश्च जन्मदिवसे स्नात्वामङ्गलवारिभि: ।
गुरुदेवाग्नि विप्राश्च पूजनीया: प्रयत्नत: ॥
स्वनक्षत्रं च पितरं तथा देवं प्रजापतिम् ।
प्रतिसंवत्सरंयत्नात् कर्त्तव्यश्च महोत्सव: ॥ ६ ॥
गुडदुग्धतिलानद्धं हस्ते ग्रन्थिं च वन्धयेत् ।
गुग्गुलं निम्व-सिद्धार्थे दूर्वागोरोचनादिकम् ।
सम्पूज्य भानु विघ्नेशौ महर्षिं प्रार्थयेदिदम् ॥ ७ ॥

प्रार्थना: चिरञ्जीवी यथा त्वं भो भविष्यामि तथा मुने । रुपवान् वित्तवांश्चैव श्रिया युक्तश्च सर्वदा ॥ मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवनं । आयुरारोग्य सिंद्ध्यर्थ प्रसीद भगवन् मुने ॥ चिरञ्जीवी यथा त्वं तु मुनीनां प्रवरद्विज: । कुरुष्व मुनिशार्दूल तथा मां चिरजीविनम् ॥ मार्कण्डेय महाभाग सप्तकल्पान्त जीवन: । अस्माकमायुरारोग्यसिद्ध्यर्थं वरदो भव ॥ सतिलं गुडसम्मिश्रमञ्जल्यर्धमितं पय: ॥ मार्कण्डेयाद्भव लब्ध्वा पिवाम्यायुर्विवृद्धये ॥ पय:पिवेत् ततो मूलमन्त्रेण मार्कण्डेयव्यासादीनां नाममन्त्रेश्च पूजाहोम मिच्छन्ति कुलाचार्या: ॥

प्रयोग: कर्त्ता सर्वौषधिस्नान पूर्वकं स्नात्वा कृतनित्य क्रिया: शुचिराचाम्य: प्राङ्उ दङ्मुखोपविष्य ॥

सङ्कल्प: ॐ अद्येत्यादि देशकालादीन् संकीर्त्य अमुक गोत्रस्य ममायुरारोग्यैश्व र्योदय प्राप्तिकामो जन्मोत्सव कर्म निर्विघ्न परिसमाप्त्यर्थं दीप-कलश-गणेशाम्विका पूजन पूर्वकं मङ्गलाविधानक शान्ति कलशस्थापनमहं करिष्ये । दीप-कलश-गणेश पूजां विधाय धूपदीप नैवेद्यादीनि कृत्वा प्रार्थयेत्- ॐ वक्रतुण्ड महाकाय कोटि सूर्य: सम प्रभ: ॥ निर्विघ्नं कुरु मे देव सर्वकाम प्रसिद्धये ॥

कलशस्थापनं-तत: कलशस्कन्धप्रदेशे ॐ गणपत्यादि पञ्चायनां, ॐ विनायकादिपञ्चलोकपालान्, ॐ आदित्यादि नवग्रहान्, ॐ ईश्वराद्यधिदेवान्, ॐ अग्न्यादिप्रत्यधिदेवान्, ॐ इन्द्रादिदशदिकपालान्, ॐ ध्रुवादिऽष्टवसून्, ॐ धात्रादिद्वादशादित्यां, ॐ वीरभद्राद्येकादशरुद्रान्, ॐ गौर्यादिषोडशमातर:, ॐ आवहादिसप्तमरुत:, विनायक-ब्रम्हा-विष्णु-रुद्रार्क-वनस्पतीं यथा मिलि तोपचारै: पूजयें ब्राम्हणवरणम्, पुण्याहवाचनम् ।

सङ्कल्प: ॐ अद्येत्यादि ममायुरारोग्यैश्वर्योदयप्राप्ति कामनया गुरुं नारायणदेवं अग्निं प्रजापतिं पितृन् मार्कण्डेयं व्यासं रामं द्रौणिं कृपं वलिं प्रह्लादं हनुमन्तं विभीषणं षष्ठिकां स्वनक्षत्रं स्वतिथिं अहं पूजयिष्ये ॥ मंगलाभिधान कलशे गुरुं नारायणंदेवं अग्निं प्रजापतिं पितृं स्वस्व नाम मन्त्रैश्च तुर्थ्यन्तपदै: पूजयेत् । तत्कलशसमीपे पीठिकोपरिवस्त्रमास्तीर्य तदुपरि अष्टदल पद्मं विलिख्य



तत्राष्ट दल मध्ये मार्कण्डेय । पूर्वदले व्यासं । आग्नेयदले परशुरामं । उत्तरदले द्रोणिं । नैऋत्यदले कृपं । पश्चिमदले वलिं । वायव्यदले हनुमन्तं । दक्षिणदले विभीषणं । इशान्यदले प्रल्हादम् । मध्ये तत्समीपे स्वनक्षत्रं स्वतिथिं स्वस्वनामभि: चतुर्थ्यन्तपदैरर्चयेत् ॥

प्रार्थयेत्-चिरञ्जीवी यथा त्वंभो भविष्यामि तथा मुने । रुपवान् वित्तवांश्चैव श्रियायुक्तश्च सर्वदा ॥ मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवन ! आयुरारोग्य सिद्ध्यर्थं मस्माकं वरदोभव ॥ तत: षष्ठिकायै दधिभक्तवलिं ममायुरारोग्यवृद्धये षष्ठिकायै एष दधिभक्त वलिस्तुभ्यं नम: ॥ तत: पीतवस्त्रं गुग्गुलं निम्वं सिद्धार्थदूर्वा गोरोचनादिकं धृत्वा तत्र गणेशं भास्करं च पूजयित्वा महर्षि मार्कण्डेयं प्रार्थयित्वा दक्षिणभुजे धारयेत्- ॐ मार्कण्डेय महाभाग आयुरारोग्यदायक । शुभदौ विघ्नहर्तारौभानुर्विघ्नेश एव तु ॥ धार-यामि भुजेदक्षे ममकल्याण हेतवे । पूरयध्वं सदाऽस्माकं कामनांश्च मनोरथान् ॥ तत: स्वगृहयोक्त विधिनाऽग्निं स्थापयित्वा अस्मिन् कर्मणि प्रतिष्ठि देवताभ्य: प्रधान भूतेभ्यो यथासंख्याकं तिलया होमं कारयेत् । पूर्णाहुतिं हुत्वा यथाशक्ति गो-भू-हिरण्यादि दक्षिणांदद्यात् । आयुरारोग्यवृद्धयर्थ माज्येक्षणं कुर्यात् ॥ पय: पिवेत् सतिलं गुडसम्मिश्र मञ्जल्यर्द्धमितं पय: । मार्कण्डेयाद्वरंलब्धापिवाम्यायुर्विवृद्धये ॥ तत: शान्ति कलशोदकेनाभिषेकादिकं कृत्वा ब्राम्हणाभोजयेत् । इति जन्मोत्सवविधि: समाप्त: ॥

जन्माशौच (सूतक) तथा मरणाशौच (जुठो) विचार

समाजमा नैतिकता सदाचार र मर्यादा पालनका लागि हाम्रा आर्यग्रन्थहरूमा विभिन्न विषयहरू प्रतिपादित गरिएका छन् । यसै विषयलाई धर्म पनि भन्न सकिन्छ । मूलत: वेद निहित कर्म नै धर्म हो । धर्मशास्त्रले नित्य नैमित्तिक र काम्य तीन प्रकारका कर्मकोनिर्देश गरेका छन् यिनमा आशौच निर्णय पनि एक प्रमुख विषय हो । हाम्रो समाजमा मुख्यत दुई किसिमका आशौचको विधान मध्ये जन्माशौच(सूतक) तथा मरणाशौच(जुठो) हो । यस प्रसङ्गमा मरणाशौच(जुठो)को विषयमा अत्यन्तै सूक्ष्म चिन्तन विविध धर्मशास्त्रहरूमा गरिएको प्रसङ्गलाई समावेश गर्ने प्रयास गरिएको छ ।

* मूल पुरुषदेखि आरम्भ गरेर ७ पुस्तासम्मका भाइवन्धुहरूलाई सपिण्डी भनिन्छ । सपिण्डीहरूको आशौच (जुठो) १० दिन लाग्दछ ।
* ८ पुस्तादेखि १४ पुस्तासम्मका भाइवन्धुहरूलाई सोदक भनिन्छ । सोदकहरूको आशौच (जुठो) ३ दिन लाग्दछ ।
* १५ पुस्तादेखि २१ पुस्तासम्मका भाइवन्धुहरूलाई सगोत्र भनिन्छ । सगोत्रहरूको आशौच (जुठो) १ दिन लाग्दछ । यहाँ १ दिन भन्नाले अहोरात्र (दिन-रात) भनेर सम्झनु पर्दछ ।
* पहिलेदेखि चल्दै गरेको आशौच (जुठो) नसकिदै अर्को त्यही समानको वा सानो थपियो भने पहिलेकोले नै सकिन्छ । तर त्यो भन्दा नजिकको वा ठुलो आशौच (जुठो) पऱ्यो भने पुरा वार्नु पर्दछ ।
* जन्माशौच (सुतक) नसकिदैं मरणाशौच (जुठो) पऱ्यो भने १० दिन वार्नु पर्दछ ।

* दशौं दिनको मध्यरात्रिसम्म अर्को मरणाशौच (जुठो) पऱ्यो भने २ दिन वढी वार्नु पर्दछ । तर सानो र ठुलोको विचार भने गरेर मात्रै । कहीं कतै भने अलग अलग वार्नु पर्दछ भन्ने पनि गरिन्छ । यसमा आ-आफ्नो कुलानुसार विचार गर्नु पर्दछ ।

* एघारौं दिनको सूर्योदयपछि मरणाशौच (जुठो) पऱ्यो भने पुरै दिन अनिवार्य रुपमा वार्नु पर्दछ ।

* आमा-वावु वा पति-पत्नीको सन्दर्भमा अघिल्लो जुठोले पछिल्लो मरणाशौच लैजान्छ भन्ने नियम लागु हुदैंन पूरा अलग अलग रुपमा वार्नु पर्दछ ।

* आफ्नो आमा-वावुको जुठो १ वर्षसम्म निष्ठापूर्वक वार्नु पर्दछ । सौतेनी आमाको ६ महीना, सहोदर दाजुभाइमा परस्पर ४५ दिन जुठो वार्नु पर्दछ ।

* जसको जतिदिन मरणाशौच (जुठो) लाग्ने हो त्यति दिन वितेपछि सुनिएको आशौचलाई अतिक्रान्ता भनिन्छ । यस्तो प्रकारको जुठोमा आमा-वावु वा पति-पत्नी वाहेक अरुलाई स्नान मात्रले शुद्ध हुन्छ ।

* आशौचहरूमा क्रमशः सूतक, जुठो, रजस्वला (नछुनेहुनु), सुतिका (सुत्केरी), शवदाहक (क्रियापुत्री)को उत्तरोतर प्रवलता हुन्छ ।

* १० दिने जुठो १० दिन भित्र सुनेमा वाँकी दिन वार्ने, १० दिन विते पछि ३ महीना भित्र सुनेमा ३ दिन वार्ने । ६ महीना भित्र सुनेमा १.५ (डेढ) दिन वार्ने, त्यस पछि ९ महीनासम्ममा १ दिन र त्यसपछि स्नानमात्रले शुद्ध हुन्छ ।

* विदेशमा रहेको अवस्थामा आमा-वावु वा पति-पत्नीमा १० दिन भित्र सुनेमा मृत्यु भएको दिनदेखि गणना गरेर १० दिनसम्म वार्ने तर १० दिन वितेपछि सुनेकै दिनदेखि गनेर १० दिनसम्म पुरा वार्नु पर्दछ ।

* विदेशमा गएर मरेको भए पति-पत्नी वीचमा परस्पर १० दिनसम्म जुठो वार्नु पर्दछ ।

* दोस्री (सौतेनी) आमाको अतिक्रान्त जुठो ३ दिन लाग्छ । व्रतवन्ध गरेको पुत्रको वर्ष दिन भित्रमा पुरा र वर्ष दिनपछि सुनेमा ३ दिन जुठो लाग्दछ ।

* सगोत्री/असगोत्री जसले पनि कारणवस दागवत्ती दिएमा उसको नवश्राद्ध गरेर १० दिनमा चोखिन्छ ।

* रात्रिमा जन्म, मृत्यु, रजस्वला आदि भएमा (रात्रि मान)लाई ३ ले भागगर्दाको पहिलो दुईभाग भित्र परेमा अघिल्लो दिन र अन्तिम १ भागमा परेमा भोलिपल्टको दिनको हिसावले गणना गर्नु पर्दछ । तर कही कतै भने सूर्योदयको अनुसार गर्ने वचन पनि छ ।

* वालक जन्मेका सन्दर्भमा नालच्छेदन पछि सूतक शुरु हुन्छ । आमालाई ३० रात वितेपछि पितृ वा देवकार्य र भान्छा चलाउन शुद्ध हुन्छ ।

* नाल काटेपछि वा मरेकै वच्चा जन्मेमा सपिण्डी हरूले सुतक १० दिन वार्नु पर्दछ तर जुठो लाग्दैन ।

* नामाकरण भन्दा पहिले वच्चाको मृत्यु भएमा स्नान मात्र तर नामाकरण पछि दाँत नउम्रञ्जेल मरेर जलाएमा १ दिन जुठो वार्नु पर्दछ । न जलाएमा स्नान मात्र गर्दा हुन्छ । दाँत उम्रे पछि ३ वर्ष भित्त चूडा क्षौर नगरुञ्जेल १ दिन, चूडा भैसकेको भए वा ३ वर्षपछि व्रतवन्ध अगाडिको अवस्थामा पनि ३ दिन र व्रतवन्ध पछि पुरा जुठो वार्नु पर्दछ ।

* चूडागर्नु पूर्व कन्याको मृत्यु भएमा सपिण्डिहरू स्नानले शुद्ध हुन्छन् । ३ वर्षपछि वाग्दान पूर्व १ दिन तथा वाग्दानपछि विवाह अगाडिको मृत्युमा पति तथा पिताका दुवैको कुलमा ७ पुस्तासम्मका दाजुभाइलाई ३ दिनसम्म जुठो लाग्दछ ।

* विवाह गरेकी विवाहिताको जुठो पिताको कूलमा ७ पुस्तासम्मका लागि ३ दिन लाग्दछ ।

* विवाहिता छोरी वावुको घरमा सुत्केरी भएमा दाजुभाइ, वान्धव, आमा-वावुलाई १ दिन सूतक लाग्छ ।

* गायत्री सुनाएको वा वेद पढाएको गुरु, कर्मचलेको भाञ्जा-भाञ्जी वा छोरीको छोरा-छोरी, आमाका आमा-वावु, पत्नीको आमा-वावु, आफ्नो वा पति/पत्नीको मामा-माइजु, छोरी-ज्वाँइको जुठो ३ दिन लाग्दछ ।

* विवाहिता छोरीलाई आफ्ना आमा-वावु वा दाजुभाइको जुठो ३ दिन लाग्छ भने अविवाहित छोरीले भने पुरा १० दिन जुठो वार्नु पर्दछ ।

* विवाहिता दिदिवहिनी वा दाजुभाइमा परस्परमा जुठो ३ दिन लाग्दछ ।

* आफुले पढाएको वा मन्त्रदान गरेको शिष्य, यजमान, पुरोहित, जेठान, जेठीसासु, साला, साली, भिनाजु, ज्वाँइ, ठुली वा सानी आमाका छोरा-छोरी र आफ्नै घरका सहयोगीहरूको जुठो १ दिन लाग्दछ ।

* भाउजु-वुहारी तथा नन्द आमाजुको परस्परमा जुठो १ दिन लाग्दछ ।

* मामाको अथवा फुपुको छोरा-छोरी, कर्म नचलेको भाञ्जा-भाञ्जी, कर्म नचलेको छोरीको छोरा-छोरी, मित र सहपाठीको जुठो डेढ दिन (३६घण्टा) लाग्दछ ।

* धर्मपुत्र वा धर्मपुत्रीको हकमा पालकमाता-पिता वा जनकपिता दुवैतर्फ ३ दिन जुठो लाग्दछ ।

* एउटै आमाका तर पृथक पृथक पितावाट जन्मेका दिदिवहिनी वा दाजुभाइमा परस्परमा सूतक भए १ दिन र जुठो ३ दिन लाग्दछ ।

* गुरुको पति-पत्नी र छोरा-छोरीको जुठो १ दिन लाग्दछ ।

* एउटै टोल वा गाँउमा कसैको मृत्यु भएमा कुनै सम्वन्ध नभए पनि जवसम्म लास वाहिर लगिदैन तव सम्म जुठो रहने हुनाले देवकार्य-पितृकार्य गर्नु हुदैन भन्ने विचार पनि शास्त्रमा उल्लेख छ ।

* दशाह वन्धुहरूमा आफु जिवितै आफ्नो श्राद्ध आफैले गरिसकेको व्यक्ति, वानप्रस्थी र सन्यासी र ब्रम्हचारीसमेतले अरुको जुठो वार्नु पर्दैन । तर उनीहरूको जुठो सपिण्ड भित्रका भाइवन्धुले वार्नु वा नवार्नु आफ्नो खुशी । तर छोरा-छोरीले भने गर्नु पर्ने सम्पूर्ण कृत्य गर्नु पर्दछ । त्यस्ता व्यक्तिहरूको मृत शरीरलाई जलाउने वा गाडने जे गर्दा पनि हुन्छ ।

* आत्महत्या गर्नेहरूको मरणाशौच (जुठो) लाग्दैन भन्ने भनाइ शास्त्रहरूमा उल्लेख छ ।

* पहिलो पतिलाई छोडेर द्वोस्रो पतिवाट जन्मेका सन्तानको आशौच लाग्दैन ।

* देशमा सकट परेको अवस्थामा, अनिकाल परेको वेलामा, आशौच नवारे पनि हुन्छ । त्यस्तै रोगी, वैद्य, कालिगढ, चित्रकार, शिल्पकार, अत्यावश्यक सेवामा रहेका राजकीय कर्मचारी आदिले आवश्यकता अनुसार आशौच नवार्दा पनि केही हुदैंन ।

* व्रत-सत्र, विवाह, श्राद्ध, होम, अर्जन, जप प्रारम्भ भइ सकेको अवस्थामा आशौच लाग्दैन ।

* यज्ञादिमा ब्राम्हणको वरण भएपछि, व्रत-सत्रमा सङ्कल्प गरेपछि, विवाहादिमा नान्दीमुख श्राद्ध गरेपछि, पाककर्म (पाकि सकेपछि) आशौच लाग्दैन ।

* विवाह, व्रतवन्ध, उत्सव, यज्ञादिको वीचमा आशौच परेमा अन्य शुद्ध (आशौच नलाग्ने) व्यक्तिले ब्राम्हणलाई भोजन गराउने, सङ्कल्प गरिसकेकोले अभम दोष छैन ।

वास्तुशास्त्रीय विचार

पूर्वीय ज्ञानानुशाशनका विविधविधाहरू मध्ये वास्तुशास्त्र पनि एउटा अत्यन्त प्राचीन र वहुपयोगी शास्त्र हो । कुनै पनि वस्तुको अर्को वस्तुसंग हुने प्रत्यक्ष/परोक्षसम्वन्ध र त्यसको प्रभावको अध्ययन विश्लेषण वास्तुशास्त्र अन्तर्गत गरिन्छ । मानव जीवन र पञ्चतत्वहरू (भूमि, जल, तेज, वायु, आकाश)को अन्योन्याश्रित सम्वन्धरहेको प्रत्यक्ष देख्न सकिन्छ । मानवशरीर यीनै ५ तत्वहरूले वनेको छ, यी मध्ये कुनै एकको पनि सन्तुलन विग्रन पुगेमा मानव अनेक रोगका संक्रमणमा पुग्दछ । यीनै पाँचतत्वहरूको सन्तुलनले मनुष्यको आवास पनि सुखी र सुन्दर वन्दछ भने सन्तुलन नभएमा आवासले दीर्घकालीन सुख, समृद्धि, ऐश्वर्य अवश्य दिनसक्दैन ।

दिशा,पञ्चतत्वको अवस्था उत्तर-पूर्व इशानमा पानी, पूर्व-दक्षिण आग्नेयमा आगो, दक्षिण-पश्चिम नैऋत्यमा पृथ्वी, पश्चिम-उत्तर वायव्यमा हावा, उत्तर-इशान मध्यभागमा आकाश हुन्छन् ।

घडेरीको लागि भूमि चयन

प्राचीन वैदिक वास्तुशास्त्रमा प्रयोग र प्रयोजनका दृष्टिले भवनहरूको निर्माण भन्दा पहिले भूमिचयनलाई अत्यन्त महत्वका साथ गहिरो विचार-विमर्श गरेको पाइन्छ । भूमिको स्वरुप, प्रकृति, लक्षणका आधारमा अत्यन्तसूक्ष्म वर्गीकरण गरेको पाइन्छ । यहाँ मुख्यत: माटो, दिशा, वाटो र पृष्ठतलका आधारमा भूमिको लक्षण र उपयोगिता सम्वन्धी केही जानकारी समावेश गरिन्छ ।

माटोको आधारमा

✦ चिल्लो नरम, स्निग्ध गन्ध र स्वादभएको माटोलेयुक्त घडेरी सवैखाले निर्माणकार्यको लागि उपयोगी मानिन्छ ।

✦ रातो-अतिकठोर चाम्रो र डल्लापरेको माटो भएको घडेरी वलवर्धक, तेज, उत्साह वढाउने खालको हुन्छ ।

✦ पहेंलो वा हल्का हरियो रङ्गको अमिलो गन्ध आउने खाले माटो भएको घडेरी व्यापारिक प्रयोजनको भूमि हो, यस्तो भूमिमा व्यापारिक प्रतिष्ठानहरू वनाउँदा वढी लाभदायक हुन्छ ।

सतहको आधारमा

✦ वीचमा अग्लो र चारै तिर भिरालो भएको घडेरी कूर्म पृष्ठ (कछुवाढाडे) घडेरीले सर्व विध सुख दिन्छ ।

✦ पूर्वतिर अग्लो र पश्चिम तिर होचो घडेरी दैत्यपृष्ठ हुन्छ । यस्तो घडेरीमा आवास वनाउँदा हानि हुन्छ ।

✦ पश्चिम पूर्व लामोसोतो भएको माझमा होंचो दक्षिण उत्तरअग्लो भएको घडेरी नाग पृष्ठे हुन्छ । यस्तो घडेरीमा आवास वनाउँदा रोग, शोक र अभावले ग्रस्त वनाउँछ ।

✦ उत्तरतिर अग्लो र दक्षिण तिर भिरालो जग्गा आवासको लागि उचित हुँदैन । यस्तो भूमिले हानि गर्छ ।

पूर्वतर्फ वाटो भएको घडेरीको आन्तरिक वनोट



दिशाको आधारमा

घडेरीको मध्यभागवाटपर्ने दिशाहरूको आधारमा पनि घरमा वस्नेहरूलाई प्रभाव परिरहेको हुन्छ । समकोण र समतल घडेरी सर्वोत्तम मानिन्छ । वर्षायाममा परेको पानीको निकास उत्तरदिशामा भएमा धनको प्राप्ति, पश्चिमतिर वग्नेमा सामान्य, दक्षिण वा आग्नेय दिशातर्फ पानीको निकास भएमा सवै तिर अशुभ फलको प्रधानता हुन्छ भने उत्तर, पूर्व ईशान दिशातर्फ पानीको निकास भएमा सवै क्षेत्रमा शुभफल दिन्छ । दक्षिणदिशा भिरालो भैकन उत्तर, पूर्व, इशानकोण कटेको छ भने त्यस्तो जग्गामा वस्ने व्यक्तिको वंशविस्तार अवरुद्ध हुन्छ र सधै परिवार रोग ग्रस्त रहन्छ । ईशानकोण अन्य कोण भन्दा अग्लोभए धनको नाश, सन्तान अज्ञानी र रोगी हुन्छन् । घडेरीको दक्षिण, पीश्चम दोवाटो भएमा दोष लाग्दछ, तसर्थ भूमि शोधन गर्नु उचित हुन्छ घरको अगाडि दूधआउने वा काँडा भएको रुख भए पनि दोषयुक्त हुन्छ ।

उत्तरतर्फ वाटो भएको घडेरीको आन्तरिक वनोट



भूमिशोधन

